# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालमा भएका १२४ जातिमध्ये एक र ६१ जनजातिमध्ये सर्वसम्पन्न जनजातिभित्र पर्ने नेवार नेपालभरि छरिएर रहेका छन् । बहुसंख्यक अन्य जातिहरूले र स्वयं यही जातिले पनि आफूलाई नेवारका रूपमा पहिचान गराउने भए पनि ऐतिहासिक कालखण्डमा नेपाः देशमा बसोबास गर्ने नेवाहरू नै आजका नेवार हुन् । (तथ्याङ्क विभाग, २०६८)

नेवाः भन्ने शब्दले नेपालको एउटा मूलबासी भाषिक समुदायलाई जनाउंदछ। नेवाःहरूको मूलथलो काठमाडौँ उपत्यका हो । नेवाः कुनै जात वा जाति वा जनजाति वा नश्ल वा धर्म विषेश होईन । नेवाः एउटा भाषिक समुदाय पनि हो, नेपालवासी (अहिलेको काठमाडौँ उपत्यका) को साझा संस्कृति हो। नेवाः भित्र कयौँ मूलजातिहरू छन ।(आदिबासी, कन्याकुब्ज, बङ्गाली, राजस्थानी, आसामी, मैथिली) । नेवाः भित्र सनातन धर्म अन्तर्गतका धेरै सम्प्रदायहरू छन (शैव, शाक्त, तान्त्र, वैदिक, वज्रयान, महायान, नाथ, वैश्नव, आदि)। नेवाः भित्र ४ जात(ब्राह्मण, क्षत्रीय, वैश्य, शुद्र) र यस भित्र थुप्रै उपजातहरू रहेका छन (ज्यापू, श्रेष्ठ, क्षत्रीय, गुभाजू, उराय, सायमी, ब्राह्मण, नाय, गाथु, भा, द्यला, आदि) । यसैगरी नेवाः भित्र मूलतः ३ नस्ल छन (आर्य, द्रविड नेवाः समुदाय साँस्कृतिक रूपले निकै सम्पन्न जाति हो ।

वि.सं. २०५८ सालको जनगणनाअनुसार १२ लाख ४५ हजार २ सय ३२ जनसङ्ख्या उल्लेख छ ।त्यसैगरि वि. सं. २०६८ सालको जनगणनाअनुसार १३ लाख २१ हजार ९ सय ३३ जनसङ्ख्या उल्लेख छ । नेवाः समुदायको आफ्नै भाषा र लिपि रहेको छ । नेपालभर नेपालभाषा बोल्नेहरूको संख्या ८ लाख ४६ हजार ५ सय ५७ रहेको छ । (तथ्याङ्क विभाग, २०६८) शिक्षाको क्षेत्रमा नेवाः जाति अन्य जाति भन्दा निकै अगाडि छन् । नेवाः समुदाय शिक्षित र शहरिया समुदाय भएकै कारण यिनीहरू हरेक क्षेत्रमा अघि छन् । मुख्यतया जहाँनिया राणा शासन देखि नेवाःहरूले मुख्य पेशाका रूपमा व्यापार र व्यवसायलाई अंगाल्दै आएका छन् । जहाँ शहरीकरणको प्रभाव परेको छ त्यहाँ नेवाहरूको वर्चस्व कायम छ भन्दा

अत्युक्ति हुँदैन । अर्थात नेपाल राष्ट्र भित्र जहांजहाँ नेवाःहरू पुगे त्यहाँ व्यापार व्यवसाय सहित शहरबस्तीको स्थापना र विस्तार हुँदै गएको पाईन्छ ।

### १.१.१ संस्कार

नेवारहरूको जीवन तथा मृत्यु संस्कार मूलतः हिन्दू संस्कारमा आधारित छ । मनु (अन्दाजी ई.पू. २००-१००) ले आफ्नो स्मृति (धर्मनीति ग्रन्थ) मा बाह्र संस्कारको उल्लेख गरेकोमा पछि ती सोह्र पुर्याइए । हिन्दूहरूको 'सोह्र संस्कार' भन्ने भनाइ प्रसिद्ध छ । यी संस्कार खास गरी ब्राह्मण जातिका लागि बनाइएको हो । नेपालमा त्यसले शास्त्रीय परम्परा 'दश कर्म' पद्धतिले ठाउँ लियो । शास्त्रीय परम्पराभन्दा भिन्न नेवार समुदायमा फेरि आफ्नै किसिमले परम्परामा थप लौकिक संस्कार र कर्महरू गर्ने परम्परा बस्यो । तर सोह्र, दश र नेवार लोक प्रचलित समान संस्कारको तुलना प्रस्तुत गरिन्छ ।

नेवारहरूको साझा संस्कार मध्यम जातका नेवारहरूले अपनाउने संस्कार हो । नेवारहरूको लागि काम गर्न उच्च पुरोहित वर्ग र निम्न च्यामे-पोडे अछूत वर्गका नेवारहरूमा तथा साझा संस्कार नहुन पनि सक्छ, जस्तो उच्च जातमा राजोपाध्याय र निम्नमा च्यामेहरूको 'इही' कार्य गर्ने नै चलन छैन । संस्कारहरूमध्ये उच्चवर्गमा केही बढी र निम्न वर्गमा केही घटी संस्कार हुने गर्दछ । यहाँ मध्यमवर्गमा प्रायः सबैले मान्ने संस्कार कर्मको नै उल्लेख गरिन्छ ।

नेवार संस्कार कर्ममा शिशु, किशोर र विवाह कर्मताका केही दिन किसिम किसिमका अन्य कर्महरू गरिन्छन् । नेवार संस्कारमा ज्यादा औपचारिक कार्यहरू गर्नु पर्दा जनसाधारणलाई निकै मर्का पर्न गएको र तत्कालीन अन्य व्यवस्था हेतु राणाकालमा "नेवार जातको ऐन" (२००५) र "द्योभाजु ब्राम्हण रश्रेष्ठको रीतिस्थिति" (१९९३) को इस्तिहार जारी गरिएको थियो ।

नेवार संस्कारहरूमा बालिकाको इही (बेलविवाह), बाह्रा (गुफा) र बूढाबूढीको पासनीलाई अन्य जातिको भन्दा भिन्न विशेष संस्कार कर्म मानिन्छ । बूढोपासनीमा न्हापांगु जंको (पहिलो पासनी) भीमरथारोहण ७७ वर्ष ७ महिना, ७ दिन आदिमा, निकःगु जंको (दोस्रो पासनी) देवरथारोहण ८८ वर्ष, ८ महीना, ८ दिन, आदिमा र स्वकःगु जंको (तेस्रो पासनी) महारथारोहण ९९ वर्ष, ९ महीना, ९ दिन, आदि पुगेको मुहूर्तमा गरिन्छ । अर्को, सय वर्षभित्र पाँच पटक बूढोपासनी गर्ने पद्धति पनि रहेको छ । नेपालीमा चौरासी भनिने

सहस्रचन्द्रदर्शन नेवारहरूमा ८१ (अधिकमास गनी/वा ८४ (नगनी) वर्षमा गरिन्छ । यसलाई निक: (दोस्रो जंको पनि भनिन्छ) ।(नेपाली, २०७२)

नेवार मृत्यु संस्कार पनि आफ्नै किसिमले विकास भएको छ । यसको लागि सीगुठी, सनांगुठी, आदि बनाइएको हुन्छ । काठमाडौं बाहिर गएका नेवारहरूले सबभन्दा पहिले आफ्नो समाजमा समान जातकाहरू मिली सीगुठी (मृत्युसंस्कार समाज) बनाउने गरेको देखिन्छ । यी गुठीहरू खास गरी लास उठाउने कामको लागि हो ।सनां गुठी मलामी जान बनाइएको समाज हो । नेवारहरूमा तेह्र दिन (बौद्ध मार्गीमा सात दिन) “दशक्रिया” को विधि कार्य गरिन्छ । त्यस्तै एक वर्षभरि मासिक, पैंतालीस दिन, ६ महिने, बर्खी र दुईबर्खे काम गरेपछि मृत्त व्यक्तिलाई ‘पितृ’ मान्ने चलन छ ।

### १.१.२ नेवार समुदायमा विवाह संस्कार

नेवार समुदायमा छोरीको रजस्वला हुनुभन्दा पहिले नै बेल (इहि) र सूर्य(बारातेउ) विवाह गराइन्छ। सूर्य विवाहभन्दा अघि गन्धर्व विवाह पनि हुन्छ तर त्यो बन्दकोठाभित्र हुन्छ। त्यसैले उक्त विवाह अरूले देख्न पाउँदैनन्। यो विवाहबारे सार्वजनिक बहस पनि छैन। यस यथार्थको पुष्टि ऋग्वेद अध्ययनमा पाइन्छ। (ऋग्वेद मं.१० सूक्त, ८५ श्लोक ४०/४१, अथर्ववेद चतुर्दशं काण्डम् द्वितीयोनुवाक)। नेवार समुदायका छोरीहरूको बेल (इहि) विवाह परम्पराले महिला अधिकारको हनन् होइन, सुनिश्चितता गर्छ। यो विवाहपछि पनि उनीहरूले जन्मघर त्याग्नु पर्दैन।

चार विवाहको बारेमामहाभारत उद्योगपर्व, अध्याय ११५ ११९ को अत्रि संहितामा स्त्रीहरूको चार विवाह हुने कुरा वर्णित छ। उक्त संहिताअनुसार स्त्रीको विवाह सोम, गन्धर्व, अग्नि पछि बल्ल मनुष्यसँग हुन्छ। अघिल्ला तीन विवाह देव विवाह हुन्। देवसँगको विवाहपछि मात्र मानिससँग विवाह हुने भएकाले महिला कहिल्यै अपवित्र र दूषित नहुने धर्मशास्त्रले बताउँछ। नेवार समुदायमा छोरीको चारपटक नै विवाह हुन्छ। यी चारै विवाह कन्यादानको एक विधि हो। अघिल्लो तीन विवाहसम्म दानको रूपमा जन्मघर त्याग्नु पर्दैन तर चौथोपटक पुरुषसँगको विवाहमा स्त्रीको कन्यादान हुन्छ। (नेपाली, २०७२)

यसको मतलब छोरी परायाको हातमा सदाका लागि सुम्पनु हो। तर, नेवारी प्रचलनमा चौथोपटक पुरुषसँगको विवाहमा कन्यादान गरिँदैन। अर्थात् छोरीलाई विवाहमा गैरनेवारी परम्परामा जस्तो 'पाले पुण्य मारे पाप' भन्दै परपुरुषको हातमा दिने चलन छैन।

अग्निसँग पहिले नै विवाहबन्धनमा बाँधिएकाले जग्गेमा अग्नि साक्षी राखी विवाह धर्म निभाउने वचन पनि लिइँदैन।

संस्कृतिविद् हरिराम जोशीको एउटा किताब छ, 'कन्या दान  नारी जातिको लागि अभिशाप।' जोशी भन्छन्, 'कन्यादान गर्नु भनेकै अरूको जिम्मा लगाउनु हो। जसले दान लिन्छ, उसले त्यस चीजको जसरी नि उपभोग गर्छ। त्यसैले अधिकार नै माग्नु छ भने विवाह पछि श्रीमान्को घर जानु नपरोस् भनी माग्नु । नेवार संस्कृतिमा बेल विवाह र सूर्य विवाहले नारीलाई यही अधिकार प्रदान गरेको छ।

विभिन्न विवाह संस्कारहरू मध्ये कै बालिकालाई पाँचदेखि एघार वर्षभित्र गरिने बेल विवाह महत्वपूर्ण संस्कारहरू मध्ये कै एक हो ।

### १.१.३ नेवार समुदायमा बेल विवाह

इहिको अर्थ विवाह हुन्छ । 'हाम्रो समाज : एक अध्ययन' पुस्तकमा जनकलाल शर्मा लेख्छन्, 'नेवार समाजमा इहीको महत्व बढी देखिन्छ। इही एक प्रकारको विवाह नै हो ।नेवारबाहेक नेपालका अन्य समाजमा इहीको चलन छैन । इहीको शाब्दिक अर्थ विवाह नै हुन्छ ।' (प्रजापती, २०७६)

यसैगरी, नगेन्द्र शर्मा आफ्नो पुस्तक 'नेपाली जनजीवन'मा लेख्छन्, 'इहीको शाब्दिक अर्थ बिहे हो। नेवार कन्याले सुवर्णकुमारसँग इही गर्नुपर्ने हुन्छ। इही भइसकेका नेवार्नीहरूले लोग्नेमान्छेसँग गर्ने बिहेको स्थान गौण नभए पनि एक सामाजिक अनुबन्धनका रूपमा मात्र रहेको देखिन्छ । यसैकारण पुनःविवाह गर्न चाहने नेवार्नीलाई परम्परागत स्वच्छन्दता प्राप्त हुन्छ ।' (शर्मा, २०४८)

नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित 'नेवार-नेपाली-अङ्ग्रेजी शब्दकोश'मा इहिलाई विधवा भएर बस्नु नपरोस् भनेर गरिने विवाह भनेर अर्थ्याइएको छ । इहि नेवार समुदायका अरू धेरै संस्कारमध्ये एउटा अति महत्वपूर्ण संस्कार हो । इहि कन्यादानकै एक विधि पनि हो । विशेषगरी नेपाल संवत्अनुसार बछलाथ्व अक्षय तृतीया (वैशाखमा पर्ने) को अवसर पारेर कन्याको इहि गर्ने चलन छ। साइतअनुसार अरू बेला पनि गर्न सकिन्छ । सामान्यतः इहिको प्रक्रिया दुई दिनसम्म चल्छ। ठाउँअनुसार संस्कारमा भिन्नता हुन्छ, कतैकतै एक दिनमै इहि सम्पन्न गरेको पाइन्छ । इहि कार्य दिन-लगन जुराएर गर्नुपर्ने मान्यता छ । अक्षय तृतीया, श्रीपञ्चमी तथा विवाह पञ्चमीको दिनमा इहि गर्नका लागि साइत हेराउनु वा जुराउनुपर्दैन

भन्ने मान्यता पनि छ ।रजस्वला हुनुअघि नै, विशेषगरी बिजोर उमेर (५, ७, ९, ११) पारेर नेवार कन्याको इहि गरिन्छ । (प्रजापती, २०७६)

बेल विवाह संस्कार नेपाल संवत् तिथि अनुसार 'बछलाथ्व' अक्षय तृतियाको अवसर पारी दुई दिनसम्म गरिन्छ । शुरुको दिन बेलविवाह समारोहमा सहभागी गराउने बालिकालाई हात खुट्टाको नङ काटी, नुवाईधुवाई गरेर सरसफाइ गरी समारोहस्थलमा लगिन्छ । यता बेलविवाह गराउने पुरोहितले कलश राखी गणेश, क्षत्रपाललगायत अरु विभिन्न देवगणलाई प्रतिक मानी पूजापाठ गर्छन् । पूजामा नेवार शब्दमा कुह्मःका ग्वारा, ज्यनाः लप्ते, चाकु, कँय्, हलू, सुखुन्या, ग्वःगु ग्वय्, ताय् आदि सामाग्री राखिएको हुन्छ । बेलविवाहमा सहभागी गराउने बालिकालाई अभिभावकले परम्परागत भोटे ताल्चा समाउन लगाई पानीको धारा छुटाई स्वागत गरी मण्डप अगाडि बसाइन्छ । त्यसपछि क्रमशः अरु सहभागिलाई बसाइन्छ । (नापित, २०७५)

महिला कहिले पनि विधवा नहुने र सदैव सौभाग्यवती रहीरहने परम्परागत धार्मिक र समाजिक मान्यता रहेको नेवार समुदायको "इहि" संस्कार गैर नेवार (अन्य जातजातिको) समुदायको भन्दा भिन्न विधि व्यवहार हो । सनातन हिन्दू संस्कारमा सोर्ह संस्कार छन तर पनि नेवार समुदायभित्र हिन्दू नै भएतापनी दशकर्म संस्कार मात्र हुने गर्दछन । दशकर्म संस्कारहरू मध्य छोरीलाई गर्ने संस्कारहरू मध्यका एक संस्कार इहि हुन । सामान्यतया नेवार समुदायमा छोरी पाँचदेखी सात वर्ष भित्र इहि संस्कार गर्दा उत्तम मानिन्छन । यो संस्कार सनातन धर्मले निर्देशित विधि हो भन्ने प्रमान आदित्य पुराणमा उल्लेखित पंक्ती पिपलाम्बु सुवर्ण वा श्रीफलैःसार्धमुव्दहत । एभिः समुध्द हे बृषलीत्वात प्रमुच्यते ॥ अर्थात - पिपल, जल, सुन वा बेल यी मध्य कुनै एकसंग कन्याको बिवाह गरिंदा ती कन्या बृषली (चणडालिनी) हुनबाट जोगिन्छे । (शिल्पकार, २०७३)

बेल विवाहलाई नेवार शब्दमा 'इहि' भन्ने गरिन्छ । विशेषगरी बिजोर वर्षको साइतमा बालिका रजस्वला हुनु अगावै गरिने संस्कार मध्य बेलविवाह महत्वपूर्ण संस्कार हो । भनिन्छ, नेवार समुदायमा केटीको आफ्नो जीवनमा तीन पटकसम्म विवाह हुन्छ । ती हरेक विवाहमा केटीको बुवाले कन्यादान गर्छन् । यिनीहरूमध्ये शुरुको कन्यादानको रूपमा बुवाले सर्वगुण सम्पन्न पुरुषार्थ ज्वाईंको रूपमा सुवर्णकुमारका प्रतिक बेलसँग विवाह गरिदिएर कन्यादान गर्ने गर्दछन् (प्रधान, २०७७)।

इहिँ (बेल विवाह) नेवारहरूलाई अरु जाति जनजातिमाझ पहिचान गराउने एक विशेष संस्कार हो । यो संस्कार अरु जाति जनजातिले अपनाउँदैनन् । नेवार संस्कारअनुसार कन्याहरू रजस्वला नहुँदै बिजोर वर्ष (५ देखि ११ वर्ष) को उमेरभित्र इहिँ (बेलसँग विवाह) गराउने परम्परा छ । यस परम्पराको पछाडि एउटा धार्मिक किम्बदन्ति रहेको छ । कुनै समयमा भगवान शिव र पार्वती पशुपति आर्यघाट क्षेत्रमा घुमिरहेको बेला त्यहाँ एउटी महिला आफ्नो श्रीमानको स्वर्गवास भएको कारण आफू बिधवा हुनुपरेको र जीवनभरि दुःखपूर्ण वैधव्य जीवन बिताउन परेकोले विलाप गरिरहेको कुरा थाहा पाएपछि पार्वतीले शिवसँग 'के महिलाहरू यस्तो अवस्थामा वैधव्य जीवन बिताउन नपर्ने कुनै उपाय छैन ? भनी प्रश्न गरिन् । शिवजी यो अप्रत्याशित प्रश्नबारे एकछिन घोरिए र तत्काल एउटा उपाय सुझाए कि यदि कन्याहरूलाई बाल्यावस्थामै भगवान् विष्णुको प्रतीक सुवर्णकुमार (बेल) को प्रतिमा बनाई त्यो प्रतिमासँग विवाह गरिदिएमा तिनीहरू कहिल्यै विधवा रहनुपर्ने छैन । यसरी काठमाडौं उपत्यकामा परापूर्वकालदेखि नै बसोबास गरी आएका नेवारहरूमाझ यो कुरा एक कान, दुई कान मैदान भयो र नेवार समुदायमा कन्याहरूको विवाह भगवान विष्णुका प्रतीक सुवर्णकुमार (बेल) को प्रंतिमासँग बाल्यावस्थामै वैदिक विवाह गरिदिने प्रचलन अगाडि बढ्यो । तर नेवार युवाहरूको मनमस्तिष्कमा एउटा डरले जरो गाड्यो । भगवान् विष्णुका प्रतीकसँग विवाहित केटीको सम्मुख पर्न केटाहरू डर मान्न थाले । बेलसँग विवाह गरेका केटीहरूको सम्मुख जानुपर्दा केटाहरू डरको कारण मुख छोप्ने गर्न थाले । (प्रधान, २०७७)

अर्कोपटक फेरि शिवपार्वती उक्त क्षेत्रको भ्रमणका लागि निस्कँदा त्यहाँको जनसंख्या घट्न गई त्यहाँको चहलपहल, रौनकतामा कमी आएको महसुस भयो । यसबारे पार्वतीले भगवान विष्णुको आराधना गरी विष्णुलाई यसको यथार्थ कारण र सोको निराकरणबारे प्रश्न गरिन् । विष्णुले 'म हरेक पुरुषको हृदयमा लुकेर बसेको हुन्छु, त्यसैले कुनै पनि पुरुषको विवाह भनेकै मेरो विवाह भन्ने सम्झनुपर्दछ ।' भन्ने जवाफ दिए । यसपछि शिवले बागमतीको पवित्र जलले भरिएको कलशमा मन्त्रोच्चरण गरी सुवर्णकुमार (बेल) सँग विवाह भएका कन्यामा कुनै आपत्ति नहुने यथार्थ स्पष्ट पारी यस प्रकारको विवाह सँस्कार अगाडि बढाए भन्ने मान्यता प्राचीन कालदेखि नै रही आएको बताइन्छ । (प्रधान, २०७७)

रतन काँजी बज्राचार्य (२०७६) का अनुसार हिन्दू धर्म प्रति अंधभक्त बनेका नेवार राजा जयस्थिति मल्लले हिन्दुस्तान बाट चार जना ज्योतिष र कर्मकाण्ड जानेका ठगवादी

ब्राह्मणहरू लाई काठमाडौं उपत्यका मा राजकीय सम्मानका साथ ल्याएर शंकराचार्यले थिलथिलो पारेको मौलिक बज्रयानी नेवारी संस्कार, संस्कृति वा रितिरिवाज माथि धावा बोल्यो र नेवारहरू लाई गोत्र सोत्र जात पात आदिमा विभाजन गर्दै अत्यन्त क्रुर आततायी सतीप्रथा को समेत सुरवात गर्न लगाएको थियो ।

तत्कालीन विद्वान बज्रयानी आचार्यहरू ले भविष्यमा आफ्ना नेवार चेलीहरू लाई पनि सती प्रथाको शिकार बनाई जिउँदै जलाउँछन् भन्ने जानेर, नेवार चेलीहरू लाई बाल्य अवस्थामा नै संधै उदाउने वा कहिल्यै नमार्ने सुर्य र कहिल्यै नसुक्ने वेलसंग विधि पुर्बक विवाह गरिदिने प्रथाको रूपमा सुरुवात गरे ।

निर्जीव तर सधैं उदाउने र नसुक्ने सुर्य र वेलसंग विवाह गर्दा वात नलाग्ने वा बहुविवाहको दोषी पनि नहुने, जस्को परिणाम स्वरूप नेवारी कन्या वा महिला जीवित रहे सम्म विदुवा नहुने भयो अथवा विवाह पश्चात जुनसुकै समयमा आफ्नो पतिको मृत्यु भए पनि पहिलो पति वेल र सुर्य रहिरहने हूंदा सती जाने त प्रश्न नै नउठ्ने भयो र अमानवीय भयावह सती प्रथाबाट नेवाः कन्या वा महिलाहरू जोगिने भयो। तर हिजोआज भने यो सत्यलाई समेत समयानुकूल  तोडमोड गरिसकेका छन् । (बज्राचार्य, २०७६)

## १.२ समस्याको कथन

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा विभिन्न भूधरातलीय विशेषताले भरिएको राष्ट्र हो । यहाँ बसोबास गर्ने विभिन्न जाति, जनजाति र उपजातिहरूमध्ये नेवार पनि एक हो । नेवारहरू नेपालमा नेपाल राज्यको उत्पत्तिकालदेखि नै बसोबास गर्दै आएको प्रमाण र जनश्रुति नेपालको ऐतिहासिक वर्णनहरूको अध्ययनबाट प्रमाणित छ । नेवार नेपालका विभिन्न आदिवासी जनजातिमध्ये एक हो । यसको आफ्नै भाषा, आफ्नै लिपि, आफ्नै संस्कृति रहनुका साथै अठारौं शताब्दिको प्रारम्भसम्म यहाँ नेवारहरूको आफ्नै राज्यव्यवस्था रहेको पाइन्छ । यसरी नै यस समुदायले परापूर्वकालदेखि अपनाउँदै आएको विभिन्न सांस्कृतिक परम्पराले नेपाललाई अनेकतामा एकता भनेर गर्व गर्ने अवसर मिलेको छ । यहाँ नेवारहरूले आफ्ना छोरीबेटीको विवाहपूर्व अपनाउनुपर्ने केही महत्वपूर्ण विधिविधानहरूमध्ये इहिँ (बेल विवाह) को बारेमा देखिएको अन्योलतालाई प्रकाश पार्न सकेमा यसले अन्य समुदाय तथा सम्पुर्ण एउटा ज्ञान दिनसक्छ ।

इहिँ (बेल विवाह) नेवारहरूलाई अरु जाति जनजातिमाझ पहिचान गराउने एक विशेष संस्कार हो । यो संस्कार अरु जाति जनजातिले अपनाउँदैनन् । नेवार संस्कारअनुसार कन्याहरू रजस्वला नहुँदै बिजोर वर्ष (५ देखि ११ वर्ष) को उमेरभित्र इहिँ (बेलसँग विवाह) गराउने परम्परा छ । यस परम्पराको पछाडि एउटा धार्मिक किम्बदन्ति रहेको छ । कुनै समयमा भगवान शिव र पार्वती पशुपति आर्यघाट क्षेत्रमा घुमिरहेको बेला त्यहाँ एउटी महिला आफ्नो श्रीमानको स्वर्गवास भएको कारण आफू बिधवा हुनुपरेको र जीवनभरि दुःखपूर्ण वैधव्य जीवन बिताउन परेकोले विलाप गरिरहेको कुरा थाहा पाएपछि पार्वतीले शिवसँग 'के महिलाहरू यस्तो अवस्थामा वैधव्य जीवन बिताउन नपर्ने कुनै उपाय छैन ? के नेवार समुदायमा बेल विवाह समस्या हो ? यसमा जोडिएको सामाजिक सांस्कृतिक पक्षहरू के के हुन् ? भन्ने प्रश्नको जवाफ खोज्ने गरी यस अध्यायन गरिएको छ ।

## १.३ अनुसन्धान प्रश्नहरू

अध्ययन क्षेत्रमा बसोबास गर्ने नेवार समुदायको बेल विवाह (ईही) को बारेमा अध्ययन अनुसन्धान गर्न निम्न प्रश्नहरूको उठान गरिएको छ।

क) नेवार समुदायमा बेल विवाह (ईही) को सामाजिक साँस्कृतिक महत्व के के छन् ?

ख) नेवार समुदायमा हुने बेल विवाह (ईही) मा आएको परिवर्तन के-के छन् ?

## १.४ अध्यायनको उद्देश्य

काठमाडौं उपत्यकामा अव्यवस्थित बसोबास, शहरीकरण साथै आधुनिकरणले गर्दा मौलिक पहिचानहरूमा परिवर्तन आईरहेको देखिन्छ । समाजसँग परोक्ष सम्बन्ध राख्ने साँस्कृतिक गतिबिधीहरूमा पाी आधुनिकिकरणको प्रभानव स्पष्ट देख्न पाईन्छ । यसका अतिरिक्त पुस्तान्तरमा नया पुस्तामा देखिएको परिवर्तन तथा सँस्कारप्रतिको अभिरुची कम हुदै गएको छ । विश्वमा बिकसित यी यस्ता आयमहरूले गर्दा नेवार समुदायको बेल विवाह सँस्कृतीको महत्व तथा यसमा आएका परिवर्तन पत्ता लगाउन निम्न अनुसारको उद्देश्य राखिएको छ ।

क) नेवार समुदायमा बेल विवाह (ईही) को सामाजिक साँस्कृतिक महत्वको अध्ययन गर्ने ।

ख)	नेवार समुदायमा हुने बेल विवाह (ईही) मा आएको परिवर्तनहरूको महत्वको अध्ययन गर्ने ।

## १.५ अध्यायनको महत्व

सामान्यतया फरक भौगोलिक पहिचान, भाषा लिपि र सस्कृती भएका समुदायलाई जनजाती भनेर परिभाषित गर्ने गरिन्छ । यसरी फरक पहिचान सहित समाजमा रहेका समुदायको साँस्कृतिक पहिचानको समुचित अध्यायन गरिनु तथा समय सापेक्षमा विभिन्न कारणले उनीहरूको संस्कृतिमा आएका परवर्तनहरू बुझ्नु आफैमा महत्वपूर्ण अध्यायन हो ।

यस अध्ययन मुख्यतया फरक पहिचान बोकेको नेवार समुदायमा रहेको बेल विवाहको समष्टिगत अध्यायनमा केन्द्रित रहको छ । यसमा बेल बिवाहको सामाजिक संस्कृतिक विकास तथा यसको सामाजिक महत्वका बारेका उजागर गरिएको छ । साथै समय सापेक्ष रूपमा आएका परिवर्तनका पक्षहरूलाई समेत यस अध्यायनले प्रष्ट्याउन खोजेको छ । यसरी कुनै पनि जाती समुदायको मौलिक संस्कृतिको बृहतर अध्यायन गरिनु भनेको उक्त समुदायको सँस्कृतीको संरक्षणमा टेवा पुऱ्याउनु हो । मौलिक पहिचानलाई लोप हुन बाट बचाउन यस अध्यायनले नया पुस्ताका लागि पर्याप्त ज्ञान प्रदान गर्ने हुदा यसको अध्यायनको महत्वलाई संस्कृतिक पहिचानको संबर्द्धनको रूपमा लिन सकिन्छ ।

## १.६ अध्यायनको सीमा

हरेक अध्यायन अनुसन्धानहरूको आफ्नै सिमाहरू हुन्छन् । एउटै अध्यायनमा कुनै पनि विषयको सर्वाङ्गीण पक्षको अध्यायन हुन सक्दैन फलस्वरूप यस अध्यायन अनुसन्धानका निम्न सिमाहरू रहेका छन् ।

यस अध्यायन समाजशास्त्र विषय स्नातकोत्तर तहको आंशिक आवश्यकता पुरा गर्ने उद्देश्यबाट प्रेरित छ । यस अध्ययन पोखराका नेवारहरूको जीवनपद्दतिमा आएका परिवर्तनहरू, एक समाजशास्त्रीय अध्ययन विषयमा केन्द्रित रही पोखरा महानगरपालिका वडा नं.४ गणेश टोलभित्र रहेका नेवार समुदायहरूको ६० घरधुरी भएको बस्तीबाट १५ घरधुरी मात्र नमूनाको रूपमा छनौट गरि अध्ययन गरिएको हुँदा यसबाट निस्केका निष्कर्ष नेपाल भरका नेवार समुदायको संस्कृतीलाई समान तरिकाले सामान्यीकरण गर्न सकिदैन । त्यसैले यो अध्ययनबाट निस्केको निष्कर्षलाई यही क्षेत्रसम्म मात्र केन्द्रित गरिएको छ । यस अध्ययनको क्षेत्रगणेश टोल नमुना टोल मात्र भएकोले यस क्षेत्रबाट आएको अध्ययन

अनुसन्धान, विश्लेषण र निष्कर्षहरू अन्य परिवेशसँग वेमेल हुनसक्छ । किनकी यस क्षेत्रमा आएका व्यक्तिहरूएक सामाजिक, साँस्कृतिक परिवेशका हुन्छन भने अर्को क्षेत्रमा हुने अर्कै परिवेशका हुन सक्छन् । जसको कारणबाट एक क्षेत्रको अध्ययन अर्कोसंग लागु नहुन सक्छ । त्यसैले यस अध्ययनको निष्कर्षलाई समग्रमा सामाजीकीकरण गर्न सकिदैन यस अध्ययनको निश्चित क्षेत्र हुनु, निश्चित विधि प्रयोग गरिनु र कुनै एउटा सिद्धान्तबाट मात्र हेरिनु यसका सिमाहरू हुन् ।

यसका अतिरिक्त अध्यायनका क्रममा हुने समय सीमा, आर्थिक अभाव, तथा उत्तरदाताबाट उचित यथोचित जवाफ नआउनुले पनि अध्यायनको उदेश्यलाई प्रभाव पारेको हुन्छ  जस कारणले यी पक्षहरूलाई पनि अध्यायनको सिमिततालाई देखाएको छ ।

## १.७ अध्ययनको संगठन

प्रस्तुत अध्यायनमानेवार समुदायमा रहेको बेल विवाहको सामाजिक साँस्कृतिक पक्ष तथा पछिल्लो समय देखिएको परिवर्तनको बारेमा समष्टिगत अध्ययन गरिने हुँदा निष्कर्षमा पुग्नको लागि यस सोधपत्रलाई जम्मा पाँच परिच्छेदमा बाँडफाड गरिएको छ ।

प्रथम परिच्छेदमा परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, अनुसन्धान प्रश्न, अध्ययनको महत्व तथा औचित्य, अध्ययनको सिमा, अध्ययनको संगठन रहेका छन् । द्वितीय परिच्छेदमा यससंग सम्वन्धित, अवधारणा, सैद्धान्तिक अध्ययन, पुर्व अध्ययनको समिक्षा प्रस्तुत गरिएको छ । तृतीय परिच्छेदमा अनुसन्धान पद्धति सम्बन्धी पक्षहरू रहेकाछन् । चौथो परिच्छेदमा तथ्यांक प्रस्तुतिकरण, विश्लेषण र पाँचौं परिच्छेदमा सारांश, निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ ।

# अध्यायः दुई

# पुर्व साहित्य अध्यायन

## २.१ बेल बिवाह

नेवार जाति भाषा, साहित्य, कला, संस्कृतिको दृष्टिकोणबाट एक सम्पन्न जनजाति हो भन्दा अत्युक्ति नहोला । नेपाललाई संयुक्त राष्ट्रसंघको सदस्यता प्राप्तिका लागि राष्ट्रले पेश गर्नुपर्ने आफ्नो पहिचानको लिपिमा नेवारहरूले प्रयोग गर्दै आएको प्रचलित रञ्जना लिपि पेश गरेपछि नै नेपाल उक्त संघको सदस्य बन्न सफल भएको गौरव नेवार समुदायलाई प्राप्त छ । यसरी नै यस समुदायले परापूर्वकालदेखि अपनाउँदै आएको विभिन्न सांस्कृतिक परम्पराले नेपाललाई अनेकतामा एकता भनेर गर्व गर्ने अवसर मिलेको छ । यहाँ नेवारहरूले आफना छोरीबेटीको विवाहपूर्व अपनाउनुपर्ने केही महत्वपूर्ण विधिविधानहरूमध्ये इहिँ (बेल विवाह) को बारेमा प्रकाश पार्ने जमर्को गरिएको छ(प्रधान, २०७७)।

इहिँ (बेल विवाह) नेवारहरूलाई अरु जाति जनजातिमाफ पहिचान गराउने एक विशेष संस्कार हो । यो संस्कार अरु जाति जनजातिले अपनाउँदैनन् । नेवार संस्कारअनुसार कन्याहरू रजस्वला नहुँदै बिजोर वर्ष (५ देखि ११ वर्ष) को उमेरभित्र इहिँ (बेलसँग विवाह) गराउने परम्परा छ । यस परम्पराको पछाडि एउटा धार्मिक किम्बदन्ति रहेको छ । कुनै समयमा भगवान शिव र पार्वती पशुपति आर्यघाट क्षेत्रमा घुमिरहेको बेला त्यहाँ एउटी महिला आफ्नो श्रीमान्को स्वर्गवास भएको कारण आफू बिधवा हुनुपरेको र जीवनभरि दुःखपूर्ण वैधव्य जीवन बिताउन परेकोले विलाप गरिरहेको कुरा थाहा पाएपछि पार्वतीले शिवसँग 'के महिलाहरू यस्तो अवस्थामा वैधव्य जीवन बिताउन नपर्ने कुनै उपाय छैन ?' भनी प्रश्न गरिन् । शिवजी यो अप्रत्याशित प्रश्नबारे एकछिन घोरिए र तत्काल एउटा उपाय सुझाए कि यदि कन्याहरूलाई बाल्यावस्थामै भगवान् विष्णुको प्रतीक सुवर्णकुमार (बेल) को प्रतिमा बनाई त्यो प्रतिमासँग विवाह गरिदिएमा तिनीहरू कहिल्यै विधवा रहनुपर्ने छैन । यसरी काठमाडौं उपत्यकामा परापूर्वकालदेखि नै बसोबास गरी आएका नेवारहरूमाझ यो कुरा एक कान, दुई कान मैदान भयो र नेवार समुदायमा कन्याहरूको विवाह भगवान विष्णुका प्रतीक सुवर्णकुमार (बेल) को प्रंतिमासँग बाल्यावस्थामै वैदिक विवाह गरिदिने प्रचलन अगाडि बढ्यो । तर नेवार युवाहरूको मनमस्तिष्कमा एउटा डरले जरो गाड्यो ।

भगवान् विष्णुका प्रतीकसँग विवाहित केटीको सम्मुख पर्न केटाहरू डर मान्न थाले । बेलसँग विवाह गरेका केटीहरूको सम्मुख जानुपर्दा केटाहरू डरको कारण मुख छोप्ने गर्नथाले (प्रधान, २०७७) ।

अर्कोपटक फेरि शिवपार्वती उक्त क्षेत्रको भ्रमणका लागि निस्कँदा त्यहाँको जनसंख्या घट्न गई त्यहाँको चहलपहल, रौनकतामा कमी आएको महसुस भयो । यसबारे पार्वतीले भगवान विष्णुको आराधना गरी विष्णुलाई यसको यथार्थ कारण र सोको निराकरणबारे प्रश्न गरिन् । विष्णुले 'म हरेक पुरुषको हृदयमा लुकेर बसेको हुन्छु, त्यसैले कुनै पनि पुरुषको विवाह भनेकै मेरो विवाह भन्ने सम्झनुपर्दछ' भन्ने जवाफ दिए । यसपछि शिवले बागमतीको पवित्र जलले भरिएको कलशमा मन्त्रोच्चरण गरी सुवर्णकुमार (बेल) सँग विवाह भएका कन्यामा कुनै आपत्ति नहुने यथार्थ स्पष्ट पारी यस प्रकारको विवाह सँस्कार अगाडि बढाए भन्ने मान्यता प्राचीन कालदेखि नै रही आएको बताइन्छ ।

इहिँ कार्यक्रम प्रायः दिन/लगन हेराई/जुराई गर्नुपर्दछ । सामूहिक रूपमा गर्ने चलन छ । यो पुरुषहरूको कर्म चलाउनका लागि चूडाकर्म अथवा व्रतबन्ध गरेजस्तै कन्याहरूको कर्म चलाउने संस्कार नै हो । यो कार्य सम्पन्न भएपछि नेवार समुदायका कन्याहरूलाई आफ्नो सिउँदोमा सिँदूर सजाउन पाउने छुट हुन्छ । यो कर्म ८ वर्षका कन्याहरूका हकमा बन्देज गरिएको पाइन्छ तथापि अप्ठ्यारो अवस्थामा ८४ पूजाका बखत गर्भको गणना गरी उमेर पुऱ्याउने गरेजस्तै यो बेला पनि गर्भको हिसाब गरी ९ वर्ष प्रवेश गरेको मानी कर्म चलाउने प्रथा पनि पाइन्छ । इहिँ यज्ञ गरी विवाह भएका कन्याहरूको कुनै पुरुषसँग विवाह गर्नुपर्दा हवन यज्ञको आवश्यकता हुँदैन । तर इहिँ नगरेका कुनै कन्याको रजस्वला भयो भने तिनलाई कर्म नचलेको कन्या भन्ने गरिन्छ । यस किसिमका कन्याको विवाह गर्नुपर्दा हवन यज्ञ गरेर मात्र विवाह गरिदिने चलन छ । नेवारी संस्कारअनुसार इहिँ यज्ञ गरी विवाह भएका कन्याहरू सदा सधवा रहने विश्वास गरिन्छ (शिल्पकार, २०७३)।

यो कर्म सम्पन्न गर्न मूलतः नेवार ब्राम्हण द्यो भाजु नै पुरोहित हुन्छन् । कथंकदाचित् नेवार ब्राम्हण उपलब्ध हुन नसकेमा मात्र कहीँ कतै स्थानीय ब्राम्हण पुरोहितद्वारा यो कर्म सम्पन्न गर्ने गरेको पनि पाइन्छ तथापि प्रायः नेवारहरू नेवार पुरोहित उपस्थित भएको सामूहिक इहिँलाई नै पहिलो प्राथमिकता दिने गर्दछन् ।

### २.१.१ इहिँ यज्ञ (बेल विवाह) को विधि सामान्यतया यस प्रकार छ

१. पहिलो दिनलाई अधिवासन भनिन्छ । यो दिनमा पूरा घर सफा गरी परिवारका सबै सदस्य नुहाइधुवाइ गरी घरको कोठाचोठा चोखो पारी नजिकको नाताकुटुम्बलाई डाकी बयर श्राद्ध गर्दछन् । यस क्रममा गणेश, कुलदेवता, आगँद्य, आ-आफ्नो रीतिथितिका आधारमा अन्य देवीदेवताको पूजाआजा गरी बेलविवाहको काम सुरु हुन्छ । यो दिनको विधिलाई दुसो/धुसः (पूर्वाङ्ग/अधिवासन) भनिन्छ । यो दिनमा खास गरेर कन्याहरूको हात-खुट्टाको नङ कटाउँछन् फुपू हुनेले त्यो काटिएको नङ भुइँमा खस्न नदिई चरेशको थालमा थाप्छिन् । यो अवसरमा फुपूलाई एकजोर कपडा सगुनका रूपमा दिने गर्छ । आधा पाइतलासम्म अलः (रातो रङ) लगाइदिन्छन् । द्यो भाजु र मय्जुले लहरै राखेर पूजा संकल्प गराउँछन् । द्योमय्जुले सबै केटीहरूलाई टीका लगाइदिई इहिँपर्सि (एक किसिमको गुन्यू) बेरिदिन्छिन् । सबैको अगाडि चित्रकारी गरेको माटोको थाल (सलाःपा) राखिएको हुन्छ । यसपछि कुम्हःका (धागोको गठरी) लगाइदिई फेरि टीका छर्किदिन्छिन् । यति गरिसकेपछि फलिंबजि ख्वाउँछ । यसपछि कन्यहरूलाई दूध, फलफूल, रोटी, लावा आदि ख्वाउँछन् । तर यो दिनमा नून ख्वाउनुहुँदैन । यसपछि दहीसगुन थो-थोरै लगाइदिई एक-एकवटा फूल राखी तयारी कुम्हःका लःल्हाय् गरेर दिन्छिन् । यसपछि ज्योना पातमा हलूपालु, कूचि, मदनफो, सुभाय्फो, कुँन्या, आँखे, लावा, मिकुसिँ, सख्खर, नौवटा पान पोको पारी कुम्हाःकामा बाँध्ने गर्दछ । यति गरेपछि पहिलो दिनको बयर श्राद्ध सम्पन्न हुन्छ (प्रजापति, २०७६) ।

२. मुख्य बेल विवाह दोस्रो दिनमा हुन्छ । दोस्रो दिनमा हुने कार्यलाई कन्यादान भनिन्छ । यो दिनमा ब्रम्हादि कलशलाई ठाउँ ठाउँमा स्थापना गर्नुपर्दछ । मूलकन्याको घरको थाकालीलाई पूजा संकल्प गर्न लगाउँछ । द्यो भाजुले होम (यज्ञ) गर्नुपर्छ । यज्ञमा यथा कर्मअनुसार भएमा जोशी दैवज्ञ नभए ब्राम्हणले टीका पूजा गर्दछ । कन्याहरूले किसली पूजा गर्दछन् । सर्वप्रथम कन्याहरूले सुवर्णकुमारलाई अर्घ दिनुपर्दछ । यसपछि कन्यादान दिने कार्य अगाडि बढाइन्छ । सुवर्णकुमारलाई सुनको दक्षिणा चढाउनुपर्दछ । सबै कन्याहरूले इहिँपर्सि (एक किसिमको गुन्यू) लगाएर सलाःपाः (चित्रकारी गरेको माटोकोथाल) आफ्नो अगाडि राखी बेल समात्न लगाई सारीको पारीले हात बाँध्दिन्छ । पछि पूजाको काम अगाडि बढाई हात फुकाउने काम हुन्छ । हात फुकाइदिने ब्राम्हणलाई यसबापत र कन्यादानको कार्यबापत भनी दक्षिणा दिन्छ र पूजा गर्दै बेलसँग विवाह गरिदिने कार्य सम्पन्न हुन्छ । सबै कन्याहरूसँग ज्वालान्हायकं र सिन्हमू हुनैपर्छ । सबै बुबाहरू आ-आफ्ना छोरीलाई काखमा राखेर अगाडि पूजा गरेर

राखेको बेललाई कन्यादान दिन्छन् । यो दिन ब्रह्मक्व (ब्रम्हा लेखिएको घ्याम्पो) मूल ढोकामा राखी पूजा गरेर स्वागत गरी भियाई बेल विवाह गर्ने ठाउँमा सबैभन्दा माथि स्थापना गरिन्छ र सबैलाई पूजा होममा सरिक गराइन्छ । सबैलाई जल फूल दिई थकालिले सहयोगीलाई सिन्हमू प्रदान गर्छिन् । कन्याहरूलाई सिफारति (पाथीले अभिषेक गर्ने) गर्छ । सबै कन्यालाई लावा, अबिरले पूजा गर्छ । बच्चाहरूलाई बलि चढाइएको पशुको शरीरका अङ्गहरू थाय्भू अगाडि राखेर ख्वाउँछन् । सक्नेले आफन्तहरू, टोल छिमेकीहरू, साथीभाइहरूलाई निमन्त्रण गरी भोज ख्वाउँछन् । बेल विवाह भएको ठाउँमा भेट भएका कन्याहरूका बीच मित लगाउने चलन पनि कताकतै पाइन्छ । कन्यादान सम्पन्न भएपछि घरमा ल्याउँदा केटीलाई ढोकामा उभ्याई पूजा गरी स्वागत गरेर भित्राउने गर्दछ । घरमा सबैले चामल, फलफूल र दक्षिणा राखेर दान दिने गर्छन् (प्रजापति, २०७६)।

३. दोस्रो दिनको कन्यादानको कार्यक्रम सम्पन्न भएपछि तेस्रो दिनमा गर्नुपर्ने विधिलाई चतुर्थी पूजा भनिन्छ । यसमा गणेशको पूजा हुन्छ । यसका लागि कलश १, सिन्हःमू १, ज्वालान्हाय्कं १, धौपती १ र सगुन दिनका लागि अण्डा (भएमा सिद्रा, बारा, मासु, अदुवा पनि) राखी थाकालि वा ब्राह्मणले संकल्प गर्दछ । कलश अर्चना पूजा आवश्यकताअनुसार गर्दछन् । कन्याहरूलाई आ-आफ्नो ठाउँमा बसाली ब्राम्हणले जलले अभिषेक गरिदिन्छन् । कन्याहरूलाई कलशमा पूजा गर्न लगाई स्तोत्र पनि सुनाउँछन् । यसपछि थाकालि र सहयोगीले कन्याहरूलाई सामान्य पूजाविधिमा सरिक गराई दही सगुन दिई लावा, फलफूलले भरिएको पाथीले कन्यालाई अभिषेक गरी बत्ती दिई सबैले आशिर्वाद दिँदै लावा, अबिरले पूजा गर्छन्, थकालिले ब्राम्हणलाई टीका लगाइदिने, कलशहरूको पूजा गर्ने, दक्षिणा चढाउने, दिने तथा, कलश विसर्जन गर्ने काम हुन्छ । अन्तमा सबैलाई जल दिई टीका लगाइ दिई फूल दिन्छ । थकालिले सहयोगीलाई सिन्हःमू दिन्छ, सहयोगीले थकालिलाई ज्वालान्हाय्कं दिन्छ र अन्तमा सबै कन्यालाई गणेश देवताको प्रसाद राखेको अण्डा सगुन दिन्छ र यसरी केटीलाई फुलको सगुन दिएपछि बेल विवाह सम्पन्न हुन्छ (नापित, २०७५)।

नेवारी विवाहमा नेवारी परिकार जस्तै (योमरी र बारा, थारू भोजमा घोंघी तथा अरू थारू समुदायका खानाहरूको व्यवस्था हुन सक्ने परिस्थिति बनेको छ । यसरी आफ्नो मौलिक खान्कीहरूलाई पुनर्जीवित गरी प्रचार(प्रसार गरेको छ । बजारले ती समुदायको सांस्कृतिक पहिचानलाई अझ विस्तार र दरिलो पनि बनाउँदै लगेको छ । यो सबै एक

हिसाबले नवउदारवादले गर्दा व्यक्ति(व्यक्तिभित्र स्वतःस्फूर्तरूपमा आएको नवउदारवादी चेतनाले सम्भव भएको हो (उपाध्यय, सिग्देल, २०६७) ।

नेपालका समाजशास्त्री गोपाल सिंह नेपाली (२०७२) ले आफ्नो पुस्तक द नेवार को अध्याय चारमा जन्म तथा विवाहसम्मका संस्कारहरूका बारेमा उल्लेख गरेका छन् । उनीहरूमा छोराप्रतिको चाहना बढी हुने, बच्चा जन्मिएपछि अशुद्धताको भावना रहने, जुन नजिकका दाजुभाइहरूमा पनि रहने र बच्चा जन्मँदा हिन्दुधर्म मात्रे नेवारहरूले दस दिन र बुद्ध धर्म मात्रे नेवारहरूले चार वा छ दिनका दिन न्वारान गरी चोख्याउने प्रचलन रहेको बारे चर्चा गरिएको छ । यसैगरी, छोरी मान्छेको मासिक धर्मअगावै बेल विवाह गर्ने प्रचलन रहेको छ, जसलाई इही भनिन्छ । यी सबै संस्कारका कार्यमा समुदायका सदस्यहरू, आफन्त तथा परिवारका सदस्यहरूबीच रहने प्रकार्यात्मक सम्बन्धका बारेमा लेखकले चर्चा गरेका छन् ।

नेवाः जातीमा बालिका रजश्वला नभईकन 'इहि' गराउने प्रचलन छ । इहिका विभिन्न परम्पराहरूमा उसको बेलसँग विवाह गरिदिने पनि गरिन्छ। इहि गर्ने बालिका दिनभरी व्रत बसेर बेल लगायत कलश, बज्र, चक्रआदिको पूजाआजा गर्दछन् । विधिवत रूपमा पूजाआजा गरी विवाह गर्ने बालिकाका बुवाले कन्यादान दिएपछि यो विवाह सम्पन्न हुने गर्दछ । नेवार जातिमा बेल जस्तो भयो दुलहीको वर पनि उस्तैहुने विश्वास छ । नेवार समुदायमा छोरीको तिन पटक विवाह गरिन्छ । बेलसँग विवाह भएपछि विजोर वर्षमा बाह्र दिनसम्म गुफामा राखेपछि सूर्यदर्शन गराइन्छ र वयस्क भएपछि बरसँग विवाह गराइन्छ । समाजमा बिध्यमान संस्कृतीहरूलाई आधुनिकिकरण तथा नवउदारबादले समेत प्रभाव परिरहेको छ ।

## २.२ संस्कृती र नवउदारबाद

मानवशास्त्रीहरूका अनुसार संस्कृति शताब्दीऔंदेखि नै निरन्तर रूपमा चलिआएको एक प्रक्रिया हो । अधिकांश मानवशास्त्रीहरू संस्कृति मानवीय स्वभावका आधारमा र आवश्यकताअनुसार खोज, निर्माण, विनिर्माण र पुनर्निर्माण हुँदै आएको विषयमा पनि सहमत छन् । त्यसैले संस्कृति भौतिक र अभौतिक जस्तै रहनसहन, चालचलन, संस्कारहरू, लिखित एवं अलिखित धार्मिक र सांस्कृतिक नियमहरू, विश्वास, विचार, लबाइखवाइ, भौतिक वस्तुहरूको गठजोड हो (शर्मा, २०६७) ।

तर संस्कृति परिवर्तन, पुनरोत्थान, पुनर्संरचना, निर्माण र पुनर्निर्माण भइरहन्छ, निरन्तररूपमा । त्यसैले सरल तरिकाले भन्नुपर्दा संस्कृति एउटा प्रक्रिया पनि हो । नवउदारवादले बजारमार्फत नेपाल र नेपालजस्तै विकासशील राष्ट्रहरूमा नवउदारवादी ( बजारमुखी) संस्कृतिको विकास र प्रोत्साहन गर्दै आएको सन्दर्भलाई यसमा व्याख्या गर्ने प्रयास गरिनेछ ।

धेरै विद्वान् र लेखकले नवउदारवादलाई आर्थिक सिद्धान्तको रूपमा व्याख्या गरेको पाइन्छ । अर्थशास्त्रमा यसलाई आर्थिक व्यवस्थाका रूपमा व्याख्या गरिएको छ । राजनीतिक रूपमा पनि नवउदारवादलाई छुट्टै राजनीतिक संरचनाका रूपमा विश्लेषण गरिएको छ । समाजशास्त्रीहरूले यसलाई समाजको विश्लेषण गर्ने अर्थराजनीतिक (पोलिटिकल इकोनोमी) सिद्धान्तको रूपमा व्याख्या गरेको पाइन्छ । तर मानवशास्त्रीहरू नवउदारवादलाई फरक ढंगले व्याख्या गर्छन् । मानवशास्त्रीहरू यसलाई दैनिक जीवनमा गरिने अभ्यासका रूपमा व्याख्या गर्न रुचाउँछन् । थोर्सन र ली भन्छन् नवउदारवाद एक राजनीतिक विचारधारा मात्र होइन कि एक संस्कृति पनि हो र यसले शासन व्यवस्था र विश्व संरचनालाई कायम राख्न तेस्रो विश्वका देशहरूको दैनिक जीवनलाई नियन्त्रण गर्छ (शर्मा, २०६७) ।

ऱ्याकिङ भन्छन् नवउदारवादले समुदाय र व्यक्तिहरूको दैनिक जीवनलाई एक निश्चित आकार दिने गर्दछ । यसको अर्थ के हो भने नवउदारवादले व्यक्तिगत, सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक अन्तरक्रियामार्फत संस्कृतिको विकास र निर्माण गर्छ । हाभ्रीको निष्कर्ष हाम्रो समाजमा झन् सान्दर्भिक होला । उनका अनुसार नवउदारवादले विश्वभरि नै र अझ खासगरी विकासशील मुलुकमा बजारनियन्त्रित समाज र संस्कृतिको विकासलाई प्रोत्साहन र संरक्षण दिन्छ ।

फर्गुसनको निष्कर्ष छ कि नवउदारवादले नेपाल र नेपालजस्तै विकासशील मुलुकहरूमा आफ्ना शताब्दीयौंदेखिका सांस्कृतिक, दैनिक अभ्यास, जीवन पद्धति र मौलिकतालाई किनारा लगाउँदै बजारमुखी संस्कृति र दैनिक अभ्यास र जीवन पद्धतिको निर्माण र विकास गरिदिन्छ । यही क्रममा नवउदारवादी संस्कृतिको विकासले व्यक्तिको अन्तस्करणमै नवउदारवादी चेतना (निओलिबरल एजेन्सी) विकास गर्दै जान्छ (आचार्य, २०६५) ।

बजार नवउदारवादको मुख्य अंग हो । बजारले दुई कुरालाई मुख्य प्राथमिकता दिएको हुन्छ (उत्पादन र उपभोग । अहिलेको बजार संस्कृतिले कुनै पनि सांस्कृतिक समूहको संस्कृति, चाडपर्वहरू, रीतिरिवाजहरू जस्तै( विवाह, जन्म, मृत्यु संस्कारहरूको गहन अध्ययन गरेर त्यहीअनुरूपको वस्तु र सेवाहरूको उत्पादन गरेर बजारमा पूर्ति गरेको हुन्छ । यसरी बजारमा ती वस्तुहरूको पर्याप्तता हुँदा अरू समुदायका व्यक्तिहरूको पनि ती वस्तुप्रति आकर्षण बढ्न सक्छ, जिज्ञासा र सामाजिक हुनुपर्ने बाध्यताका कारणले । यसरी ती वस्तुको विस्तार र प्रसार हुन जान्छ । यसले ती समुदायको संस्कृति र पहिचान दुवैको प्रसार र विस्तार हुन्छ (आचार्य, २०६५) ।

उदाहरणका लागि नेपालका आदिवासी जनजातिको गुनासो छ कि नेपाल एकीकरणसँगै उनीहरूको संस्कृति र संस्कारलाई पहाडी हिन्दुवादी संस्कृति र संस्कारले विस्थापन गरे । अझ एक भाषा एक भेष र नेपालको आधुनिक विद्यालय शिक्षाले हिन्दुवादी पहाडी संस्कृतिको विस्तार र विकासमा मुख्य भूमिका खेलेको उनीहरूको कथन छ । तर नेपालमा नवउदारवादी अर्थव्यवस्थाको आगमनसँगै यहाँ बजारमुखी संस्कृतिको विकास भएको छ ।

बजारमुखी संस्कृतिले जुन संस्कृति र संस्कारले उत्पादन र बजारलाई मजबुत बनाउँछ त्यही समुदायको संस्कृति र संस्कारलाई प्रोत्साहन र पुनर्जीवित गर्छ । जस्तो( जब नेपालले असली हिन्दुस्तानको रूपमा आफूलाई कल्पना गऱ्यो त्यही दिनदेखि नेपाली बजारले हिन्दुवादी संस्कृति र संस्कारलाई प्रोत्साहन गऱ्यो । साथै समाजबाट हराउन लागेका हिन्दुवादी संस्कृति र संस्कारलाई पुनर्जीवित र पुनर्संरचना गर्न प्रत्यक्ष रूपमा ठूलो भूमिका खेल्यो । परिणामतः आदिवासी जनजातिका संस्कृति र संस्कारहरू क्रमशः लोप हुँदै जान थाले ।

नेपालको बजारले हिन्दुवादी संस्कृति र संस्कारलाई प्रश्रय दिन थालेपछि त्यसको प्रतिक्रियास्वरूप विभिन्न समयमा आदिवासी जनजाति पहिचानका अभियानहरू देखा पर्न थाले । सन् १९९० मा नेपालमा बहुदलीय व्यवस्था र उदारवादको सुरुवात भएसँगै आदिवासी जनजातिको पहिचानवादी आन्दोलनले पनि मूर्तरूप लिन थाल्यो । फलस्वरूप नेपाल बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक, धर्मनिरपेक्ष राष्ट्र बन्न पुग्यो ।

त्यसैबेलादेखि नेपाली बजारले पनि ती आदिवासी जनजाति समुदायका संस्कृति, संस्कार र चाडपर्वतर्फ ध्यान केन्द्रित गर्न थाल्यो । यही क्रममा बजारले ती समुदायका व्यक्तिहरूमा एक किसिमको चेतनाको विकास गऱ्यो, जसले उनीहरूलाई आफ्नो समुदायको संस्कृति, संस्कार र चाडपर्वहरूको विस्तार, पुनर्जीवित र पुनर्संरचना गर्दै आफ्नो सांस्कृतिक पहिचानलाई दरिलो बनाउँदै लग्न प्रेरित गऱ्यो । उनीहरूले यो अभियानलाई संगठित रूपमा लगेको पनि देखिन्छ ।

नेपालको सन्दर्भमा यसको व्याख्या गर्दा थप स्पष्ट हुन सकिन्छ । नेपालमा दसैंको बेला बजारले यो पर्वलाई प्रवर्द्धन गर्ने किसिमले वस्तुको उत्पादन र पूर्ति गर्न थाल्यो । बजारले दसैं र उक्त पर्वका संस्कारहरूलाई प्रत्यक्ष या परोक्ष रूपमा प्रोत्साहन दिँदा यो पर्व कालान्तरमा नेपालको प्रमुख चाडका रूपमा स्थापित हुन पुग्यो । दसैंका विभिन्न संस्कारहरू पनि संस्थागत हुँदै गएर हिन्दु धर्म र संस्कृति आदिवासी जनजातिमा पनि विस्तार हुन पुग्यो । यसरी बजारले बजारमा उपलब्ध वस्तु र सेवाका आधारमा अहिले चाडपर्वका संस्कारहरू निर्धारण गरिरहेको छ ।

त्यसैगरी अहिले आदिवासी जनजातिको ल्होसार, माघी, छठपर्वहरू पनि विस्तार र विकास भइरहेका छन् । तसर्थ ल्होसारमार्फत गुरुङ, राई, लिम्बु, शेर्पा, तामाङ समुदायको संस्कृति, संस्कार, चाडपर्वहरू र सांस्कृतिक पहिचान विस्तार हुन पुगेको छ । बजारले पनि ल्होसारलाई पुनर्जीवित गर्दै अझ विकास र प्रोत्साहन गर्दै गइरहेको छ । त्यसैगरी थारू समुदायको माघीको विकास र विस्तारमा पनि बजारले महत्वपूर्ण भूमिका खेल्दै आइरहेको छ । छठ पर्व मध्यतराईमा सीमित रहेकोमा पछिल्ला दिनमा बजारले यसलाई पनि फैलाउन सहयोग गरेको छ ।

समग्रमा भन्नुपर्दा अहिले दसैं, ल्होसार, माघी र छठपर्वका आवश्यक वस्तुहरूको उत्पादनलाई पनि बजारले उत्तिकै महत्व दिएको छ । यसैक्रममा कुनै समुदायको व्यक्ति उक्त समुदायको चाडपर्व र त्यसमा उपभोग गर्ने वस्तुहरूमा मात्रै आकर्षित हुँदैन, अरू समुदायका चाडपर्व र त्यसमा उपभोग गरिने वस्तुहरू पनि उपभोग गर्न उद्यत् हुन्छ । अन्ततः अरू समुदायका चाडपर्वलाई पनि आफ्ना चाडपर्वसरह नै ग्रहण वा आत्मसात् गरी मनाउन थाल्छन् । यसो गर्दा ती समुदायका चाडपर्वको विकास र विस्तार हुने मात्र होइन, बजारु समान र सेवाको उपभोग पनि बढ्छ ।

यसैगरी विभिन्न संस्कारहरूलाई बजारले पुनर्जीवित र पुनर्संरचना गरेको देख्न सकिन्छ । जस्तो( विगतमा नेपाली समाजमा विवाहका बेलामा आपसी सरसहयोग, मद्दत वा श्रमको सट्टापट्टा गरी सम्पन्न गर्ने गरिन्थ्यो । तर नेपाली बजारमा जब क्याटरिङ सेवाको विस्तार भयो, विभिन्न मौलिक वा आफ्नै समुदाय र संस्कृतिका ओझेलमा परेका खानाहरूको व्यवस्थासहितको भोजप्रथाले पुनर्जीवन पाउन थालेको छ ।

अनिल बेल्बासे (२०७५) आफ्नो लेखमा लेख्छन् "नवउदारवाद र बजारले अहिले सांस्कृतिक ज्ञान निर्माणमा पनि मुख्य भूमिका खेलिरहेको छ र कालान्तरमा त्यो सांस्कृतिक समूहको संस्कृतिको खोज, उत्थान, पुनरुउत्थान, निर्माण र पुनर्निर्माणका लागि उत्प्रेरणा दिएको छ । यही उत्प्रेरणाले उनीहरूलाई आफ्नो संस्कृतिको पहिचान संरक्षण गर्नुपर्छ भन्ने धारणा बलियो बन्दै गइरहेको छ । इतिहासदेखि नै बजारले कुनै पनि साँस्कृतिक समुहको सँस्कृति र दैनिक जीवनमा महत्वपूर्ण प्रभाव पार्दै आइरहेको छ । बजारलाई अत्यन्त महत्व दिने नवउदारवादलाई अर्थ राजनीतिक प्रणालीकै रूपमा स्वीकारीसकेपछि हाम्रो संस्कृतिमा बजारको प्रभाव झन् बढ्दै गइरहेको छ ।"

संस्कृतिविद् हरिराम जोशी (२०७४) का अनुसार नेपाल एकीकरणभन्दा पहिले काठमाडौंको चारभञ्ज्याङभित्रका जुनसुकै जाति, भाषा, संस्कृति र परम्परा भएका बासिन्दालाई नेवार भनिन्थ्यो । अर्थात्, पूर्वमा भक्तपुर, पश्चिममा थानकोट, उत्तरमा हात्तीगौंडा र दक्षिणमा बज्रबाराहीभित्र बस्ने सबै नेवार थिए ।

हरिविनोद अधिकारी (२०७७) ले आफ्नो आलेख विवाह : नयाँ पुस्ताको उत्पादन, पुनरुत्पादन, परिवार र सांस्कृति अन्तर घुलन मा विवाहलाईको परिवर्तित स्वरूपको बारेका व्याख्या गर्नै भनेका छन् "विवाह एउटा त्यस्तो संस्था रहेछ जसले नयाँ नयाँ पुस्ताको उत्पादन, पुनरुत्पादन मात्र गर्दैन, दुई या धेरै परिवारको सांस्कृतिक चलनलाई अन्तर घुलन गरेर झन् झन् सहिष्णु र नयाँ सकारात्मक परम्पराको सुरुवात गर्दो रहेछ । खालि हाम्रो अन्तर समाजमा मात्र होइन, अहिले विश्व साँघुरिएको र नेपालीहरू संसारभर गएकाले अन्तर्राष्ट्रिय परिवेशमा समेत नेपाली संस्कृतिसँग ती देशको संस्कृति अन्तर घुलन हुन थालेको छ । विवाहलाई मात्र पुरुष र महिलाको दुई शरीरको शारीरिक सम्बन्ध र सन्तति उत्पादनका लागि मात्र नमानेर दुई संस्कृति र दुई परिवारका बिचको नयाँ सेतुसमेत मान्नुपर्छ ।"

आज हामी धेरै चेतनशील भएका छौँ । समाज धेरै धर्म, संस्कृति र परम्पराको एउटै पुञ्ज भइसकेको छ र पनि अहिलेको समाज कहिले बाटो बिराएको जस्तो त कहिले नयाँ नयाँ बाटो बनाउन थालेको जस्तो देखिन्छ । तर एउटा कुरा भने ध्रुव सत्य हो, समाज परम्परा र नयाँ नयाँ रीतिको प्रयोग स्थल हो जुन निरन्तर चलिरहन्छ , चलिरहने छ ।

## २.३ अध्ययनको अवधारणात्मक ढाँचा

अवधारणा ढाँचा अध्ययन तथा अनुसन्धानको महत्वपूर्ण पक्ष हो । यस ढाँचाले पोखरा महानगरपालिका वडा नं. ४ गणेश टोलमा बसोबास गर्दै आएका नेवार समुदायमा प्रचलित बेल विवाहको सामाजिक साँस्कृतिक पक्ष तथा यसमा आएका परिवर्तनहरू विश्लेषण गरेको छ । सामाजमा रहेको मौलिक परम्पराले अवस्थामा जाति, सामाजिक परम्पराको क्षेत्रमा एक अर्का बीचमा सम्वन्ध र रितिरिवाजलाई उजागर गर्न खोजिएको छ भने आर्थिक पक्षमा आय, खर्च, बचतको विवरण जस्ता कुराका साथै पहिला कस्तो रहेको र हाल के कस्तो छ भन्ने प्रष्ट पार्न खोजिएको छ ।

# अध्यायः तीन

# अनुसन्धान विधि

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान कार्यको तार्किक योजना तथा व्यवस्थित निर्देशन नै अनुसन्धान ढाँचा हो । प्रस्तुत अध्ययनको उद्देश्य अनुसार यस ढाँचाले पोखरा महानगरपालिका वडा नं. ०४ गणेश टोलमा बसोबास गर्दै आएका नेवार समुदायमा प्रचलित बेल विवाहको सामाजिक साँस्कृतिक पक्ष तथा यसमा आएका परिवर्तनहरूसम्बन्धी तथ्यांक संकलन र विश्लेषण गरी वास्तविकताको खोजी गर्नका लागि वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । वर्णनात्मक अनुसन्धान ढाँचाले संकलित सूचना, तथ्यांक तथा जानकारीहरू संख्यात्मक रूपमा प्रस्तुत गर्न सहयोग गरेको छ । जसले मुख्य गरी उमेर, लिङ्ग, धर्म, पेशा जस्ता संख्यात्मक तथ्यांकहरू प्रस्तुतिमा सहयोग गरेको छ । यसलाई सहयोग पुग्ने गुणात्मक तथ्यांक समेत यसमा प्रयोग गरिएको छ । यसका लागि सम्बन्धीत समुदायमा गइ त्यहाको व्यक्तिहरूको रहन सहन बुझ्नुको साथै घरधुरी सर्वेक्षण गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्र छनौटको औचित्य

नेपालमा शहरीकरणको वृद्धिको चाप सबभन्दा बढी काठमाडौं उपत्यकामा परेको छ । अहिले सम्मको अवस्थालाई हेर्दा काठमाडौं उपत्यका नै नेवार समुदायको बाहुल्यता रहेको ठाउँ हो । बाहुल्य जनसंख्या भएको ठाउँमा त साँस्कृतिक गतिविधिमा परिवर्तन आएको प्रष्ट देख्न सकिन्छ भने उपत्यकका बाहिरको बस्तिमा के कस्तो परिवतए आएको छ भनेर अध्यायन गर्नु यस अध्यायनको उद्देश्य रहेको हुदा पनि यस अध्यायनले उपत्यका बाहिरको अर्को प्रमुख सहर पोखरा महानगरपालिका वडा नं. ०४ गणेश टोललाई  अध्यायन क्षेत्र छनोट गरेको छ । यस क्षेत्रमा यस पुर्व कुनै अध्ययन अनुसन्धान भएको नदेखिएकोले पाइलट सर्भेको क्रममा यहाँ विभिन्न संघसंस्थाहरूबाट पनि सहयोग भएको देखिएन, जसले गर्दा यहाँ बसोबास गर्ने बस्तीका नेवारहरू वास्तविक सुकुम्बासीहरू के कस्तो अवस्थामा छन् भनि यस बस्तीलाई अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको छ । यो बस्तीमा बसोबास गर्दै आएका नेवार समुदायमा प्रचलित बेल विवाहको सामाजिक साँस्कृतिक पक्ष तथा यसमा

आएका परिवर्तनहरू विश्लेषण गरेको छ । भन्ने बारे अध्ययन गर्नु उपयुक्त देखिएकोले यस बस्तीलाई अध्ययन क्षेत्रको रूपमा छनोट गरिएको छ ।

## ३.३ तथ्याकंको प्रकृति र स्रोत

तथ्यांकले अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउनको लागि सहयोग गर्दछ । अनुसन्धानमा गुणात्मक र संख्यात्मक दुबै प्रकृतिका तथ्यांकहरू संकलन गरिएको छ । यस अध्यायनमा पोखरा महानगरपालिका वडा नं. ०४ गणेश टोलमा बसोबास गर्दै आएका नेवार समुदायमा प्रचलित बेल विवाहको सामाजिक साँस्कृतिक पक्ष तथा यसमा आएका परिवर्तनहरू विश्लेषण गरिएको छ ।अनुसन्धानमा आवश्यक तथ्यांकहरू प्राथमिक र द्धितिय दुवै स्रोतबाट संकलन गरिएकोछ । नेवार समुदायमा प्रचलित बेल विवाहको अध्ययन सम्बन्धमा सम्बन्धीत क्षेत्रबाट प्राथमिक तथ्यांक संकलनका स्रोतहरूको प्रयोग गरी प्राथमिक तथ्यांक संकलन गरिएको छ । संकलित तथ्यांकको विश्लेषणलाई सहयोग गर्न र अध्ययनको पूर्व साहित्य समीक्षाको लागि विभिन्न पत्रपत्रिका, पाठ्यपुस्तक, इन्टरनेटको प्रयोग गरी द्धितीय तथ्यांक संकलन गरिएको छ । प्राथमिक तथ्यांकले वर्तमानको अवस्था प्रस्तुत गर्न सहयोग गर्दछ भने द्धितीय स्रोतले विगतको अवस्थालाई प्रस्तुत गर्न सहयोग गरेको छ ।

## ३.४ समग्रता तथा नमूना छनौट

पोखरा महानगरपालिका वडा नं. ०४ गणेश टोलमा बसोबास गरी रहेका नेवार समुदायको जम्मा घरधुरी संख्या जम्मा ६०रहेको छ । यस बस्तीलाई अध्ययन क्षेत्रको रूपमा छनौट गरी सिम्पल रेण्डम स्याम्पिलिङ छनौट विधिमा आधारित भइ १५ घरधुरीलाई छनौंट गरिएको छ ।

## ३.५ तथ्यांक संकलनको पद्धति

तथ्याङ्क संकलनको पद्धतिमा विशेषतःवैयक्तिक अध्ययन विधिलाई लिइएको छ । वैयक्तिक अध्ययन अन्तर्गत स्थलमा नै गई व्यवस्थित ढंगले बुझिएको छ । व्यक्तिका जीवनमा आएका विशेष घटनाहरूलाई विशिष्ट रूपमा व्याख्या गरिएको छ भने अन्तरवार्ता विधिबाट अन्य आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.१ अन्तर्वार्ता विधि

सूचनादाताहरूसंग प्रत्येक्ष भेटी प्राथमिक तथ्यांक संकलन गर्ने एक महत्वपूर्ण विधि अन्तर्वार्ता हो । जसमा प्रश्नकर्ताले प्रश्न सोधिएको छ र उत्तरदाताले जवाफ दिएका छन् । नमूनाका रूपमा छनौट भएका नेवारहरूसंग अन्तर्वार्ता विधि मार्फत सूचना संकलन गरिएकोछ । अन्तर्वार्ताबाट व्यक्तिको शिक्षा, पेशा, रोजगार,आय, खर्च, विचार, भावना, सोचाइसंग सम्बन्धीत प्राथमिक तथ्यांकहरू संकलन गरिएको छ ।सोधकर्ता घटनास्थलमा आफै उपस्थित भइ सम्बन्धीत घटनालाई यथास्थितिमै व्यवस्थित किसिमले निरिक्षण गरी तथ्यांक संकलन गर्ने प्रविधि नै अवलोकन हो । अन्तरवार्ताका माध्यमबाट आउन नसकेका गोप्य तथ्यांक र उत्तरदाताले भन्न नचाहेका कतिपय कुरा र विचारहरू तथ्यांक संकलन गर्न वैयक्तिक विधिप्रयोग गरिएको छ । जसमा उनीहरूको बासस्थान, व्यवहार, लवाइ खुवाई लगाएतका विषयहरूमा गरिएको छ ।

### ३.५.२ प्रत्यक्ष अवलोकन

यस विधि अनुसार पोखरा महानगरपालिका वडा नं. ४ गणेश टोलमा बसोबास गरिरहेका नेवार समुदायसंग प्रत्यक्ष रूपमा भेटघाट गरीनेवारी संस्कृती यसको रूपान्तरणसाथै सामाजिक र आर्थिक पक्षको गहन र विस्तृत सूचना संकलन गरिएको छ । यसका अतिरिक्त अध्यायन क्षेत्रमा भई रहेका गतिबिधीहरूको स्थलगत अवलोकन गरी तथ्यांक संक्लन गरी अध्यायनको सुचनालाई विश्वसनिय बनाईएको छ ।

## ३.६ तथ्यांकको विश्लेषण

तथ्यांक संकलनको प्रकृति कुनै पनि विषयको अध्ययनलाई सफल बनाई त्यसको परिणाम असल दिलाउने हो तथ्यांकहरू प्रकृति अनुसार गुणात्मक र संख्यात्मक दुवै प्रकारका रहेका छन् । यस शोध कार्यको अध्ययनको सिलसिलामा प्राथमिक तथा द्वितीय दुवै प्रकारका तथ्यांकहरूको प्रयोग गरिएकोछ ।तथ्यविश्लेषण गर्न विभिन्न तालिका प्रयोग गरिएको छ । यसैगरी विभिन्न प्रतिशतमा तथ्यहरूको निष्कर्षलाई उल्लेख गरिएको छ । यसका साथै तथ्यहरूको सम्बन्धलाइ गुणात्मक व्याख्या पनि गरिएको छ ।

## ३.७ तथ्यको वैधता र विश्वसनीयता

नेवारी समुदाय र संस्कृती सम्बन्धी विभिन्न विद्धानहरूको लेख, रचना, भनाईका साथै पूर्व प्रकाशित पुस्तकहरू, यस विषयमा पूर्व शोधकर्ताहरूले गरेका शोधपत्रहरू अध्ययन गरी सो अध्ययनलाई मार्ग निर्देशनको रूपमा लिइ अध्ययनलाई विश्वसनीय बनाउन नेवार समुदायमा रहेको बेल विवाह पद्धतिमा आएका परिवर्तन संग सम्बन्धीत प्रश्नावली तयार गरिएको छ ।स्थलगत अध्ययन अवलोकन, अन्तर्वार्ता, वैयक्तिक अध्ययन गरिएको छ । तथ्यको वैधता र विश्वसनीयता कायम गर्न उनीहरूलाई भेटेर प्रश्नहरू सोध्ने कार्य गरिएको छ ।

## ३.८ नैतिक आचरणगत अवस्था

यस शोध अध्ययनको लागि शोधकर्ता स्वयम् अध्ययन छनौट क्षेत्रमा गई,सो नेवारी समुदाय र संस्कृती र मुख्यतया नेवार समुदायमा रहेको बेल विवाह पद्धतिमा आएका परिवर्तन संग सम्बन्धीत गहन र विस्तृत सूचना संकलन गरिएको छ । गोपनीयताको विषयमा सजग रही सूचना संकलन गरिएको छ । समुदायको सदस्यको समयको उपलब्धतालाई ध्यान दिइ उनीहरूको स्वस्फूर्त भावनामा असहज हुने खालको प्रश्न सोधिएको छैन ।

# अध्याय : चार

# तथ्यांकको विश्लेषण तथा प्रस्तुतिकरण

## ४.१ अध्ययन क्षेत्रको सामाजिक जनसांख्यिक बनावट

### ४.१.१ उमेर तथा लिङ्गको आधारमा जनसंख्या बनोट

यस अध्यायन क्षेत्रमा रहेका अध्ययनको लागि छनौट गरिएका घरपरिवारमा उमेर तथा लिङ्गको आधारमा जनसंख्याको वितरण हेर्न खोजिएको छ । जसबाट यस क्षेत्रमा जनसंख्या बारे बुझ्न प्रयास गरिएको छ । यसको विस्तृत विवरण तालिका ४.१ मा उल्लेख गरिएको छ ।

तालिका ४.१

उमेर तथा लिङ्गको आधारमा जनसंख्या वितरण

| क.सं. | उमेर समुह | जम्मा महिला संख्या | प्रतिशत | जम्मा पुरुष संख्या | प्रतिशत | जम्मा महिला,पुरुष संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | १७-४५ | ६ | ६६.६७% | ३ | ५०% | ९ | ६०% |
| २ | ४५ माथि | ३ | ३३.३३% | ३ | ५०% | ६ | ४०% |
| | जम्मा | ९ | १००% | ६ | १००% | १५ | १००% |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

उमेर तथा लिङ्गको आधारमा नेवारहरूको जनसंख्या विवरण तालिका ४.१ मा प्रस्तुत गरिएको छ । जस अनुसार क्रमशः १७ देखि ४५ वर्ष समुहका ६० प्रतिशत र ४५ देखि माथिका ४० प्रतिशत रहेको पाइयो । उक्त तालिका अनुसार सबै भन्दा बढी प्रतिशत १७ देखि ४५ वर्ष समूहका ६० प्रतिशत रहेका छन् र सबैभन्दा कम ४५ बर्ष माथिका रहेका छन् । कुल उत्तरदाता मध्ये, उमेर समुह अन्तर्गत कुल महिला संख्या ९ छ भने पुरुष ६गरि

जम्मा १५ रहेको छ । जसमा ४५ वर्ष भन्दा माथिको महिला ३ जना रहेको पाइयो भने पुरुष ३ जना रहेका पाइयो । जसमा पुरुष संख्या भन्दा महिला संख्या बढी भएको उक्त तालिकाबाट देखिन्छ, मुख्यतया बेल विवाह महिलासँग जोडिएर आउने हुदा अनुसन्धानकर्ताले नमुना छनोट गर्दा उदेश्य परक भएर बढी संख्यामा महिलालाई जोड दिईएको पाईन्छ ।

### ४.१.२ नेवार समुदायको कुल साक्षरता तथा निरक्षर जनसंख्या

यस अध्ययनले बस्तीका उत्तरदाता महिला तथा पुरुषहरूको शैक्षिक स्थितिलाई हेर्न खोजीएको छ । त्यसबाट महिलाहरूको र पुरुषहरूको शैक्षिक अवस्था र यसबाट परेको असर बारे विश्लेषण गर्न खोजीएको छ जुन निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.२**

**कुल साक्षरता तथा निरक्षर जनसंख्या वितरण**

| क्र.स | शैक्षिक स्थिति | जम्मा महिला संख्या | प्रतिशत | जम्मा पुरुष संख्या | प्रतिशत | जम्मा महिला पुरुष संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | निरक्षर | ३ | ३३.३३% | १ | १६.६६% | ४ | २६.६७% |
| २ | साक्षर | ६ | ६६.६७% | ५ | ८३.३४% | ११ | ७३.३३% |
| जम्मा | | ९ | १००% | ६ | १००% | १५ | १००% |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

माथिको तालिका ४.२ मा देखाए अनुरूप यस अध्ययन क्षेत्रको बस्तीमा बसोबास गर्ने परिवारहरूको निरक्षरता संख्या कुल जनसंख्याको २६.६७ प्रतिशत देखाइएको छ भने साक्षर ७३.३३ प्रतिशत देखाइएको छ । त्यसमध्ये महिला निरक्षरता ३३.३३% प्रतिशत रहेको छ भने महिला साक्षरता जम्मा ६६.६७% प्रतिशत रहेको छ । त्यसैगरी जम्मा उत्तरदाता मध्ये पुरुष सक्षरता संख्या ८३.३४% रहेको छ भने पुरुष निरक्षरता जम्मा १६.६६% प्रतिशत रहेको छ । यस तथ्यांकलाई हेर्दा यस बस्तीका महिला पुरुषहरूको शैक्षिक स्थिति राम्रै भएको देखिन्छ । सामाजिक संरचनागत रूपमा हेर्दा पनि सामाजिक बर्ग बिभाजनमा उच्च

तहमा रशेको जनजाती समुहमा पर्ने नेवार समुदाय बिशेषत व्यपार बिजनेसमा सहभागि हुने हुदा शिक्षा महत्व बुझेको समुदायमा पर्ने गर्दछ ।

### ४.१.३ नेवार समुदायको धार्मिक अवस्था

नेपाल धर्मनिरपेक्ष देश हो यहाँ भिन्नाभिन्नै धर्ममा आस्था राख्ने मानिस बसोबास गर्दछन् । त्यस्तै अध्यायन क्षेत्रमा पनि विभिन्न ठाउँबाट कामको खोजीमा विभिन्न धर्म मान्ने मानिसहरू आई बसोबास गरेको पाइन्छ । सामान्यतया नेवार समुदाय भित्र रहेको जातिय बिभाजन तथा प्रचिन समयदेखि नै चलि आएको संस्कृतिक व्यवहारले धार्मिक संलग्नतालाई व्याख्या गरेको हुन्छ ।

तालिका ४.३ मा नेवार समुदायको धार्मिक अवस्थाबारे प्रस्टयाइएको छ ।

**तालिका ४.३**

**धार्मिक अवस्था**

| क्र.स. | धर्म समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | ८ | ५३.३३% |
| २ | बौद्ध | ५ | ३३.३३% |
| ३ | क्रिश्चियन | २ | १३.३३% |
| जम्मा | | १५ | १००% |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

माथि उल्लेखित तालिका ४.३ को अनुसार यस बस्तीमा जम्मा तीन वटा धर्म हिन्दु, बौद्ध, क्रिश्चियन मान्नेहरू रहेको देखिन्छ । जस अनुसार हिन्दु धर्म मान्ने ५३.३३ प्रतिशत, बौद्ध धर्म मान्ने ३३.३३ प्रतिशत र क्रिश्चियन धर्म मान्ने पनि १३.३३ प्रतिशत भएको देखिन्छ । जस अनुसार बौद्ध धर्म मान्ने सबैभन्दा बढी मात्रामा भएको पाइयो भने क्रमशः हिन्दु धर्म मान्नेहरू५३.३३% र क्रिश्चियन १३.३३% रहेको पाइयो । धर्म र संस्कृती अलग परिवस्तु हो भन्ने कुरा यस अध्यायनका क्रममा पाउन सकियो ।विभिन्न धर्म मान्ने भएता पनि नेवार समुदायमा गरिने विभिन्न संस्कारहरू गरिदै आएको पाईयो जस्तै बेल विवाह लगायत ।

### ४.१.४ अध्ययन क्षेत्रमा रहेका जातिय अवस्थिती

अध्यायनको लागि छनोट गरिएको स्थानमा रहेका जातिय संरचनालाई अध्यायन गर्दा जातिय अवस्थितिलाई निम्नानुसार देखिन्छ ।

**तालिका ४.४**

**अध्यायन क्षेत्रमा रहेका जातिय अवस्था**

| क.स. | जातजाती | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राह्मण | २० | २०% |
| २ | क्षेत्री | १० | १०% |
| ३ | नेवार | ६० | ६०% |
| ४ | मगर | ५ | ५% |
| ५ | अन्य | ५ | ५% |
| जम्मा | | १०० | १००% |

*स्रोतः स्थलगत अध्ययन, २०७७*

अध्यायन क्षेत्रमा रहेका जातिय अवस्थितीका आधारमा समुदायको जनसंख्या विवरण तालिका ४.४ मा प्रस्तुत गरिएको छ । जस अनुसार क्रमशः बाह्मण समुदाय २०, क्षेत्री १०, नेवार ६०, मगर ५ र अन्य ५ घरधुरी प्रतिनिध समुदायको उपस्थिति रहेको उक्त गाउँमानेवार समुदायको बसोबास संख्या बढी भएको उक्त तालिकाबाट देखिन्छ ।, उध्यायनको पुर्व तयारीको अवस्थामा स्थलगत अध्यायन गरी नेवार समुदायको बसोबास बाक्लो भएको क्षेत्रलाई अध्यायनको क्षेत्र निर्धारण गरिएको थियो तसर्थ यस तथ्याङ्कमा नेवार समुदायको संख्या बढी देखिनु स्वभाविक हो ।

## ४.२ बेलविवाह सम्बन्धी उत्तरदाताको व्याख्या तथा जनाकारी

### ४.२.१ उत्तरदाताको घरमा बेल विवाह गरेका सदस्यहरूसम्बन्धी तथ्याङ्क

अनुसन्धान कर्ताले अध्यायनको क्रममा उत्तरदाताको घरमा रहेका बेल विवाह गरिएका महिलाको संख्यात्मक विवरण लिएका छन् ।

**तालिका ४.५**

**बेल विवाह गरेका सदस्यहरूसम्बन्धी तथ्याङ्क**

| क. सं | बेल बिवाह हुनेको संख्या) | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १ | ३ | २० |
| २ | २ | ४ | २६.६७ |
| ३ | ३ | ७ | ४६.६६ |
| ४ | ४ | ० | ० |
| ५ | ५ | १ | ६.७ |
| | जम्मा | १५ | १०० |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

माथिको तालिका अनुसार पहिला संयुक्त परिवारमा बस्ने उत्तरदाताको अनुसार ५ जना सम्म एउटै परिवारमा बेल विवाह गरेका महिलाको बसोबास रहेको पाईयो सबैभन्दा धेरै ३ जनासम्म बेल विवाह भएका महिला सदस्यको एकै घरमा रहेको भन्ने तथ्याङ्क ७ जना उत्तरदाताले जवाफ दिएका छन् । त्यस्तै १ जना भएको २० प्रतिशत घरधुरी, २ जना भएको २६.६७ प्रतिशत, ३ जना भएको ४६.६६ प्रतिशत तथा ५ जनासम्म सदस्य रहेको ६.७ प्रतिशत र ४ जना भएको मा शुन्य प्रतिशत तथ्याङ्क प्राप्त भयो ।

यसले के देखाउदछ भने समुदायमा बेल विवाह जे जसरी भए पनि गरिनु पर्छ भन्ने धारणा रहेको प्रष्ट हुन्छ ।

### ४.२.२ बेल विवाह किन गरिन्छ भन्ने सम्बन्धी तथ्याक्त

सामान्यतय नेवार समुदायमा एक महिलाको ३ चोटीसम्म विवाह हुने गर्दछ । यसरी २ चोटीसम्म विभिन्न वस्तुसंग विवाह संस्कार सकिएपछि अन्तिम विवाह पुरुषसंग गर्ने

गरिन्छ । अनुसन्धान कर्ताले अध्यायनको क्रममा उत्तरदातामा रहेका बेल विवाह सम्बन्धमा के कस्तो ज्ञान रहेको छ भनि संख्यात्मक विवरण लिएका छन् ।

**तालिका ४.६**

**बेल विवाह किन गरिन्छ भन्ने सम्बन्धी तथ्याङ्क**

| क्र. सं | विकल्प | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | संस्कृति | ८ | ५३.३३ |
| २ | राम्रो पति पाउने बिश्वास | २ | १३.३३ |
| ३ | जीवनभर बिधवा हुनु नपर्ने | ४ | २६.६७ |
| ४ | अन्य | १ | ६.६७ |
| | जम्मा | १५ | १०० |

*स्रोतः स्थलगत अध्ययन, २०७७*

माथि उल्लेखित तालिका ४.६ को अनुसार यस टोलमा नेवार समुदायले बेलविाह किन गरिन्छ भनने प्रश्नमा संस्कृति धान्ने, राम्रो पति पाउने विश्वास, जीवनभर बिधवा हुनु नपर्ने जस्ता जवाफ दिएका छन् । जस अनुसार संस्कृति भन्ने५३.३३ प्रतिशत, राम्रो पति पाउने विश्वास भन्ने१३.३३ प्रतिशत र जीवनभर बिधवा हुनु नपर्ने भन्ने १३.३३ प्रतिशत भएको देखिन्छ । जस अनुसार बेल विवाहलाई एउटा संस्कृतीको रूपमा लिने सबैभन्दा बढी मात्रामा भएको पाइयो भने क्रमशः राम्रो पति पाउने विश्वास, जीवनभर बिधवा हुनु नपर्ने पाइयो ।

यस सम्बन्धमा संस्कृतिविद् डा. पुरुषोत्तमलोचन श्रेष्ठ भन्छन् - “नेवार समुदायमा प्रचलित इही बेल विवाह र बारा तयेगु गुफा राख्ने प्रचलनका कारण महिलाले श्रीमान् बिते पनि रङविहीन जीवन जिउनु पर्दैन ।”

अन्य तथ्याङ्कमा वेल विवाहलाई पछिल्लो समय यौन शिक्षाको रूपमा लिने गरीन्छ । रजस्वला हुनुभन्दा अगाडि बालीकाहरूलाई दुलही बनाएर अब जिवनले किशोरी तर्फको

मोड लिंदैछ , अर्को घरमा विवाह गरेर जानुपर्छ भन्ने कुराको ज्ञान वेलविवाह उत्सवबाट हुने गर्दछ भन्ने रहेको छ

यसै जवासंग मिल्दो भनाई सामाजिक अभियान्ता तथा चाबहिल लायन्स क्लबका पुर्व अध्यक्ष विमल होडाको रहेको छ। उनका अनुसार बेल विवाह जिवन्त सस्कृती अनि आधुनिक रूपमा परिभाषित गर्ने हो भने बालिकाको स्वास्थ वा यौनशिक्षा को रूपमा दिइने बैज्ञानिक जनचेतना को प्रारम्भिक अभियान नै हो । बेल विवाह गरेपछि कहिले बिधुवा हुनुनपर्ने मान्यता नेवारी समुदायमा रहेको छ ।

बालिकाहरूको रजस्वला हुनु अगावै स्वास्थ सम्बन्धी जगरुक हुनुपर्ने यौनशिक्षा लाई सास्कृतिक रूपमा सचेत गराउनु नेवारी सस्कृतिको ओजिलो पहिचान हो ।

वास्तवमा नेवारी सस्कृतिमा बालिकाको रूपमा रजस्वला हुनु अगाडी नारायण भगवानको परिकल्पना गरिएको प्रतिमा बेल संगै गरिने बिबाह पहिलो हो । नेवारी समुदायमा,रजस्वला भएपछि वा हुने अवस्थामा सुर्य दर्सन (गुफा) गुन्यु चोलो दिने चलन दोस्रो पल्ट गरिने बिबाह यो दुबै बालिका बाट किशोरी अवस्था तर्फ शारीरीक रूपमा हुने परिवर्तन संगै यौन अनुशासन वा शारीरकि स्वास्थमा हुनुपर्ने चेतना दिलाउने जागरण अभियानको रूपमा लिने गरीन्छ ।

### ४.२.३ बेल विवाह गर्दा लाग्ने खर्च सम्बन्धी तथ्याङ्क

अनुसन्धान कर्ताले अध्यायनको क्रममा उत्तरदातामा रहेका बेल विवाह गर्दा के कति खर्च गरिन्छ भने तथ्यङ्क लिने उदेश्यले यस सम्बन्धमा के कस्तो ज्ञान रहेको छ भनि संख्यात्मक विवरण लिएका छन् ।

### तालिका ४.७

### बेल विवाह गर्दा लाग्ने खर्च सम्बन्धी तथ्याङ्क

| क. सं | खर्च विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १,०००-५,००० | ३ | २० |
| २ | ५,०००-१०,००० | ७ | ४६.६६ |
| ३ | १०,०००-२०,००० | ४ | २६.६७ |
| ४ | २०,००० भन्दा माथि | १ | ६.६७ |
| | जम्मा | १५ | १०० |

*स्रोतः स्थलगत अध्ययन, २०७७*

माथि उल्लेखित तालिका ४.७ को अनुसार यस टोलमा नेवार समुदायले बेलविाह गर्दा के कति खर्च गर्ने गर्दछन् भन्ने तथ्य देखाएको छ । जसमा १,०००-५,००० सम्म खर्च गर्ने परिवार २० प्रतिशत, ५,०००-१०,००० खर्च गर्ने परिवार ४६.६६ प्रतिशत र १०,०००-२०,००० खर्च गर्ने परिवार २६.६७ प्रतिशत र २०,००० भन्दा माथि खर्च गर्ने परिवार ६.६७ प्रतिशत रहेको देखिन्छ । जस अनुसार औसतमा ५,०००-१०,०००रूपमा लिने सबैभन्दा बढी ४६.६६ भएको पाइयो भने क्रमशः १०,०००-२०,०००, १,०००-५,०००,र २०,००० भन्दा बढी पर्च गर्ने परिवार पाइयो ।

सामान्य तया संस्कृतिक गतिविधी के कसरी गर्ने भन्ने सम्बन्धमा परिवारिक आर्थिक अवस्थाले पनि प्रभाव पर्ने गर्द छ । सामाजमा रहि आएपछि सामाजिक गतिविधी पनि नियमित गराउनु पर्ने नै हुन्छ भने आफ्नो घरायसी अर्थतन्त्रले संस्कारलाई के कति खर्च गरि मानाउने भन्ने कुरालाई नियन्त्रण गर्ने गर्दछ । समाजमा विद्यमान आर्थिक वर्ग अनुसार धेरै पुँजी हुनेले बढी नै खर्च गराउने गर्दछन् भने नहुनेले प्रक्रिया मात्र पुरा गराउने गर्दछन् । कतिपयले त आफुलाई समाजमा उच्च देखाउन समेत बढी खर्च गराउने गर्दछन् ।

### ४.२.४ अध्ययन क्षेत्रमा रहेका नेवार समुदायबिचको सम्बन्ध सम्बन्धी तथ्याक्त

समाजिक संरचनामा एउटै समाजमा बसेका प्रत्येक सदस्यले आफ्नो दायित्व पुरा गर्न सक्नु पर्दछ त्यस्तो भएको खण्डमा मात्र समाजको औचित्य पुष्टि हुन आउछन् । अनुसन्धान कर्ताले अध्यायनको क्रममा उत्तरदातामा रहेका बेल विवाह सम्बन्धमा के कस्तो ज्ञान रहेको छ भनि संख्यात्मक विवरण लिएका छन् ।

**तालिका ४.८**

**अध्यायन क्षेत्रमा रहेका नेवार समुदायबिचको सम्बन्ध सम्बन्धी तथ्याङ्क**

| क्र. सं | सम्बन्धको अवस्थिति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राम्रो छ | ६ | ४० |
| २ | ठिकै छ | ७ | ४६.६७ |
| ३ | खसै छैन | २ | १३.३३ |
| | जम्मा | १५ | १०० |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

माथि उल्लेखित तालिका ४.८ को अनुसार यस बस्तीमा नेवार समुदायमा आपसी सम्बन्ध के कस्तो छ भन्ने तथ्य देखाएको छ । जसमा  राम्रो छ भन्ने ४० प्रतिशत, ठिकै छ भन्ने ४६.६७ प्रतिशत र खासै छैन भन्ने १३.३३ प्रतिशत रहेको देखिन्छ । जस अनुसार सम्बन्धलाई ठिक छ भन्ने सबैभन्दा बढी ४६.६७ भएको पाइयो भने क्रमशः राम्रो छ, खासै छैन भन्ने तथ्याङ्क पाइयो । साथै व्यक्तिमा देखिएको एबल भावनाले सामाजमा बिस्तारै अलग्गिदै गएको पनि देखिन्छ, आर्थिक रूपमा व्यक्ति सक्षम हुदै जाने तथा गाउँ छोडेर शहर पस्ने व्यक्तिहरू इस कार्यमा अग्र भागमा देखिएको पाईन्छ ।

सामान्यतया समाजमा सम्बन्ध निर्माणका सम्बन्धमा सामाजशास्त्रिय दार्शनिक सि एच कुलेले ऐना र आफ्नो लाई समाज र व्यक्तिसंग जोडेर व्यख्या गरेका छन् जस अनुसार ऐनाले यसको अगाडि देखिएको तस्बिरको आधारमा देखाउने गर्दछ भने समाजमा व्यक्तिले के कस्तो व्यवहार गर्दछ त्यसैको आधारमा सामाजिक व्यवहार निर्धारण हुने गर्दछ । अर्को

व्याख्यामा समाजमा परिवृष्ट गतिविधी तथा सामाजिक सम्बन्ध, अन्तरकृयाका आधारमा सामाजको औचित्य निर्माण हुने गर्दछ । व्यक्तिले समाजको आवश्यकता नै सहज जीवन यापनका लागि हो ।

### ४.२.५ बेल विवाह गर्दा प्रयोग गरिने पहिरन सम्बन्धी तथ्याङ्क

अनुसन्धान कर्ताले अध्यायनको क्रममा उत्तरदातामा रहेका बेल विवाह सम्बन्धमा के कस्तो ज्ञान रहेको छ भनि संख्यात्मक विवरण लिएका छन् जस अनुसार

**तालिका ४.९**

**बेल विवाह गर्दा प्रयोग गरिने पहिरन सम्बन्धी तथ्याङ्क**

| क्र. सं | पहिरनको अवस्थिति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दुलही जस्तै | ९ | ६० |
| २ | सामान्य | ५ | ३३.३३ |
| ३ | जे छ त्यही | १ | ६.६७ |
| | जम्मा | १५ | १०० |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

माथि उल्लेखित तालिका ४.९ को अनुसार यस बस्तीमा नेवार समुदायले बेलविाह गर्दा बालिका लाई के कसरी तयार गर्ने गर्दछन् भन्ने तथ्य देखाएको छ । जसमा बालिकालाई बेहुली जस्तै श्रृङ्गार गराउने मा ६० प्रतिशत, सामान्य श्रृङ्गार गराउने ३३.३३ प्रतिशत र जे छ त्यही श्रृङ्गार गराउने २६.६७ प्रतिशत रहेको देखिन्छ । जस अनुसार दुलही जस्तै श्रृङ्गार गराउने सबैभन्दा बढी ६० प्रतिशत भएको पाइयो भने क्रमश: सामान्य श्रृङ्गार गराउने,  जे छ त्यही श्रृङ्गार गराउने परिवार पाइयो । यसले के देखाउदछ भने समुदायमा संस्कृतिक गतिविधिमा के कति चाहाना छ भन्ने कुरा प्रष्ट पार्न सक्दछ ।

# अध्याय : पाँच

# नेवार समुदायको संस्कारमा प्रभाव पार्ने तत्वहरू

## ५.१ आधुनिकीकरण र यसको प्रभाव

आधुनिकीकरण शब्द दोस्रो विश्वयुद्धपछि बढि प्रयोगमा आएको शब्द हो । वास्तवमा आधुनिकीकरण शब्दलाई अर्थशासास्त्रीहरूले प्राकृतिक स्रोतलाई नयाँ प्रविधिको प्रयोग गरि प्रतिव्यक्ति आय बढाउने प्रक्रियाका रूपमा अर्थ्याएका छन् । कतिपय विद्धानहरूले औद्योगिकीकरण र शहरीकरण हुनु नै आधुनिकीकरण हो भनेको पनि पाइन्छ । समाजशास्त्रीले भने सञ्चार जस्तो आधुनिक समाजको आवश्यकता र विशेषतालाई उपयुक्त तरिकाबाट अगाडि बढाउन सक्नु आधुनिकीकरण हो भनेको पाइन्छ । आधुनिकीकरण एउटा प्रक्रिया हो, जसका माध्यमबाट समाज सरलबाट जटिल र परम्परागतबाट आधुनिकतातर्फ बदलिन्छ । आधुनिकीकरणको प्रक्रियामा उद्योगको विकास र प्रविधिको विकास उच्च तहमा हुन सक्छ । जसले गर्दा उत्पादन प्रक्रियामा व्यवसायीकरण र विविधीकरणको विकास हुन्छ । यसको परिणामस्वरूप सामाजिक सम्बन्ध, संगठन, संस्था आदिमा परिवर्तन मात्र आउदैनः बरु मानिसको सिङ्गो जीवनपद्धतिको तरिकामा, भाषा, साहित्य र कलामा, लवाइखवाइको तरिकामा परिवर्तन आउन पुग्छ । औद्योगिक विकास र विस्तारले नयाँ नयाँ उत्पादनका तरिका र वस्तुहरूको उत्पादन हुन्छ । (सामाजिक परिवर्तन तथा विकास अध्ययन पेज नं. ११) ।

परम्परागत रूपमा व्यापार व्यवसायमा संलग्न रहने नेवार समुदायको उनिहरूमा उपल्लो पुस्ता पुरातन संस्कार प्रणालीमा आवद्ध भएका छन् । गर नियमित परिवर्तित व्यापार प्रणालीमा जोडिनु पर्ने तथा कामको शिलशिलामा विभिन्न स्थानको भ्रमण गरिरहनु पर्ने हुन्छ जसले गर्दा उनीहरूको परम्परागत जीवनशैली परिवर्तन भएको पाइन्छ । आधुकिकिकरण संगै सुरु भएको प्रथा प्रणली माथिको परिवर्तनले बेल विवाह संस्कृतिलाई पनि अछुतो राखेको छैन । कतिपय अवस्थामा यसलाई बाल अधिकार संग जोडेर बहस गरिन्छ भने कहिले शोषण भएको भनने गरिन्छ । कतिपय अवस्था मा यो रूपान्तरित हुँदै पनि गएको पाईन्छ ।

यस सम्बन्धमा बेल विवाह कसरी गर्ने गरिन्छ भन्ने प्रश्नमा उत्तरदाता बर्ष ७७ कि सोममाया बाटाजु बताउँदछिन् ।

*"नेवार कुलमा जन्मेकी छोरीको तीनपटक विवाह हुन्छ । तीनैपटक वर (पुरुष) सँग बिहे हुने होइन । रजस्वला हुनुअघि नै पहिलो बिहे गरिन्छ, भगवान विष्णुको प्रतीक सुवर्णकुमारसित, यसलाई नेवार भाषामा इहि भनिन्छ । इहिपछि बाःराः तयेगु (गुफा राख्ने) गरिन्छ । यस क्रममा सूर्यदर्शन अर्थात सूर्यसँग विवाह हुन्छ भने तेस्रोपटक वर (पुरुष) सँग विवाह हुन्छ। यद्यपि, सूर्यपूजा र दर्शन मात्रै गरिने, कन्यादान नगरिने हुँदा सूर्यदर्शनलाई विवाह होइन भन्ने मत पनि पाइन्छ। रजस्वला हुनुअघि नै सुवर्णकुमारसँग विवाह भइसकेको हुँदा पछि श्रीमानको मृत्यु भए पनि नेवार महिलाले रङविहीन अर्थात वैधव्य जीवन व्यतीत गर्नुनपर्ने मान्यता नेवार समुदायमा छ । कथंकदाचित नेवार युवतीको विवाह नै भएन भने, सुवर्णकुमारसँग विवाह भइसकेकाले विवाहित हुँ भनेर आफूलाई मनोवैज्ञानिक सान्त्वना दिने आधार पनि छ ।"*

## ५.२ बजारीकरण र यसको प्रभाव

शहरीकरण व्यवस्थित गर्न सकिन्छ, तर रोक्न सकिदैन सानो ठाउँमा शहर बसेको हुन्छ । धेरै मान्छे बसोबास गर्छन् । आर्थिक गतिविधि पनि बढी नै हुन्छन् । सानो ठाउँ खचाखच हुने भएकाले शहर व्यवस्थित हुनुपर्छ । शहरमा हरेक किसिमका सुविधाहरू पाइने हुनाले मानिसहरू शहरतिर धेरै आकर्षित भएको पाइन्छ । नेवारहरूको पहिला बसोबास गरेको ठाउँमा आफ्नो जग्गा जमिन नहुने वित्तिकै आयको स्रोत हुँदैन आयको स्रोत नभएपछि यस्तो ठाउँको खोजी गर्छन् जहाँ आयआर्जनको स्रोतहरू पाइन्छ ।गाउँको भन्दा केही अवसरहरू पाइन्छन् भनी अवसरको खोजीमा  यस ठाउँको रोजाइ गरेको पाइन्छ । उनीहरूले कस्ता किसिमका अवसर पाएका छन् भन्दा दैनिक ज्याला मजदुरीको काम गरेका छन्, ज्याला न्यून छ, न्यून ज्याला भए पनि काम गर्ने ठाउँमा जादा गाडि चढेर जादा रहेछन् । गाउँमा हुँदा गाडी कस्तो हुन्छ देख्न नपाउने मानिसहरू पैसा नभएपनिअहिले गाडी चढेर हिड्ने गर्दारहेछन् । उनीहरूले गर्ने न्यून ज्यालाका कामहरू गलैंचा कारखाना अरुको घरमा काम गर्न गएर शहरका मानिसहरूले मात्र घरमा काम गर्ने मानिस राख्ने गर्दछन् यो सुविधा गाउँको मानिसहरूमा हुँदैन ।गलैंचा कारखाना शहरमा हुने कारणले गर्दा बजारीकरणले प्रभाव पारेको देखिन्छ । गाउँमा बस्दा बाह्रै महिना दुःख गर्दा पनि बिहान बेलुकाको छाक टार्न समेत धौ धौ परेकोले शहरमा भए मजदुरी नै गरे पनि आफ्ना

आवश्यकता पूरा गर्ने अपेक्षा लिई यस ठाउँमा आइ बसोबास गरेको पाइन्छ । ग्रामिण भेगमा स्वास्थ्य, शिक्षा, यातायातको राम्रो व्यवस्था नभएकोले धेरै मानिसहरू शहर पसेका छन् ।

मानिसहरू परम्परागत चालचलनलाई तोड्दै आधुनिकता तर्फ मोडिनु शहरीकरणको प्रभाव हो । नेवार समुदायको मुख्य बसोबासको स्थल काडमाण्डौं उपत्यका भएता पनि नेपालका ग्रमिण भेगमा समेत नेवार समुदायको बसोबास रहेको छ । ग्रममिण भेगमा रहेका नेवार समुदायका मनिसहरू अवसरको खोजिमा शहर पस्ने होस् अथवा ग्रामिण स्तर सुरु भएको शहरिकरणले संकृति परिवर्तनमा भुमिका खेलेकै पाईन्छ समुदायका मानिसहरूले आफ्नो परम्परा संस्कार पद्धतिलाई बिर्सदै गएका छन् ।

अध्यायनको क्रममा यस ठाउँमा बेल बिवाह के कसरी गर्ने गरिन्छ भन्ने प्रश्नमा बर्ष ७६ का सन्तमान बाटाजु भन्छन् :

*"मुख्यतया उपत्यका बाहे बाहिर रकेका नेवार समुदायमा आफ्नो मौलिकता भन्ने नै हराउँदै गएको छ, एउटै समाजमा रहेका अन्य समुदायसंगको नियमित संवाद, सामाजिक कृयाकलाप गरिने हुदा बिस्तारै अर्को संकृतिमा समाहित हुदै गएको देख्न पाईन्छ, जहाँसम्म बेल विवाहको कुरा छ, प्राय नेवारहरूले यो कार्य गर्ने गर्दछन् तर पहिले हाम्रा बुवाहरूको पालामा जस्तो सम्पुर्ण रित पुऱ्याउने भन्ने चाहीँ आजकल पाईदैन ।"*

## ५.३ विश्वव्यापीकरण र यसको प्रभाव

विश्वव्यापीकरण विश्वव्यापी प्रभाव विस्तारको प्रक्रिया हो । विश्वव्यापीकरणको सीमा परिधि हुदैन  विश्वव्यापीकरणले संसारलाई एउटा सानो गाउँको रूपमा हेर्दछ (मार्सल म्याकलुहान) एउटा गाउँमा भएको कुनै घटना त्यो एउटा गाउँको मान्छेले मात्र थाहा पाउथेभने अहिले संसारको कुनै पनि कुनामा घटेको घटना सबैतिर थाहा पाइन्छ यो सबै विज्ञान र प्रविधिको कारणले गर्दा भएको हो । विश्वव्यापीकरणको प्रभाव भनेको हामीले खाने खाने कुरा, लगाउने लुगा, संसारको कुन कुनामा कुन मान्छेले बनायो त्यो थाहा छैन तर तिनीहरूको प्रयोग हामीले गरिरहेका छौ । संसार अहिले जटिलताभित्र खुम्चिएको छ संसार खुम्चे पनि मान्छेको चाहना महत्वकांक्षा बढेको छ । मान्छे बढी भौतिकवादी सुख भोग गर्न खोजीरहेको छ ।

विश्वव्यापिकरणले मानिसलाई सुविधाभोगी बनाईरहेको छ, नयाँ उत्पादनको प्रयोग गर्नु अहिलेको पुस्ताको लागि अत्यावश्यक हुदै गएको छ यसले गर्दा जनजातीको पहिचानमा समेत मौलिकता हराउँदै गएको छ ।

*स्थलगत अध्ययनको समयमा आफ्नो छोरीसँगै रहेकी बर्ष ४५ कि नर्मदा पालिखेले अहिले र पहिलेको बेल विवाह विधीबारे प्रश्न राख्दा उनले भनिन्, "नेवार समुदायमा बेल विवाह नियमित हुने गरेको 'तर, उहिले र अहिले धेरै फेरिएको छ।' संस्कार उही भने यसमा प्रयोग हुने लत्ताकपडा, गरगहनादेखि खानपानसम्म सबै चिज फेरिएको छ 'पुराना केही सामाग्री पनि देखिन्छ,' उनले भनिन्, 'तर, थुप्रै नयाँ कुरा आएको छ । सानो छँदा बेलविवाहको समयमा आफूले पनि छोरीले जस्तै सिलौटोमा मसला पिसेको, ढिक्की चलाएको अनि लुसी काटेको र त्यतिबेला सिकेको सीप जीवनमा काम पनि आयो ।"*

*आफ्नो ७ वर्षीया नातिनी सविक्षाका लागि दिनभर साथी बनेर बसेकी ६५ बर्षे शोभा बाटाजुले उस्तै धारणा राखिन्, "आफू सानो छँदा त्यति ख्याल गरिएन,' उनले भनिन्, 'अहिले पुराना याद झलझली आएको छ ।' सामूहिक बेलविवाह कार्यक्रममा हेर्न आएका सयौ गणेशटोल वासी महिलाको दिमागमा 'इहि' फेरि ताजा भएर आएको छ । शिरमा शिरबन्दी, गलामा माला र हातमा मेहन्दी लगाएर परम्परागत नेवारी पहिरनमा सजिएकी कलिला नानीको मुस्कानसँगै सम्पूर्ण नगरमा उमंग छाएको छ ।"*

## ५.४ समुदायका सदस्यमा आएको निर्षक्रियता र यसको प्रभाव

समाजमा परिवारहरू एक आपसमा मिलेर बसेको पाइन्छ । समाजमा कोही कसैलाई आपत विपतको अवस्था आउदा पनि एक जुट भएर समस्याको समाधान गर्ने गरेको देखिन्छ । पहिला बसोबास गरेको ठाउँमा उनीहरूलाई आफ्नो आधारभूत आवश्यकता पूरा गर्न नै गाह्रो पर्थ्यो । जब उनीहरूमा आधुनिकीकरणको प्रभाव पर्यो त्यसपछि शहरी क्षेत्रको चालचलन, रहनसहन, भेषभूषा बुझे । जसले गर्दा उनीहरूमा चेतनाको विकास भयो र समाजमा बसोबास गरेपछि एक अर्कामा सहयोगी भावना हुनुपर्छ भन्ने पनि आन्तरिक प्रभाव परेको देखिन्छ । समाजमा रहेका विभिन्न संस्कृतिको समिश्रणले गर्दा कुनै एक समुदायको पहिचानबादी संस्कृतिमा परिवर्त भएको देख्न पाईन्छ, कतिपय अवस्थामा समुदायका अल्पसंख्यकमा परेको नेवार समुदायले आफुले गर्नु पर्ने संस्कृतिक गतिविधि पनि नगर्ने गरेको पाईन्छ ।

त्यस्तै सामाजिक, आर्थिक र राजनीतिक रूपमा समुदायका सदस्यहरूलाई सिकाईने अधिकारका बिषयवस्तु तथा विश्वव्यापी रूपमा बिकसित बाल अधिकार महिला अधिकार जस्ता कुराले समेत बेल विवाह गर्ने कुरामा समुदायका सदस्यमा निस्कृयता बढ्दै गएको छ ।

यस सन्दर्भमा जिज्ञासा राख्दा बर्ष ५४ कि पार्वती बाटाजु भन्छिन् :

*"व्यस्थता होस् वा गाउँ छोडि शहर पस्ने चलनले होस् मानिसहरू एकलकाटे जस्तो बन्दै गएका छन्, पुराना पुस्ताको सम्पर्कमा नरहने हुदा आफ्नो संस्कृति प्रथा परम्पराको ज्ञान नहुने अवस्था सिर्जना हुदै गएको छ । आफ्नो जीवनशैलीलाई व्यस्त देखाएर मानिसले संस्कारलाई छोड्दै गएका छन् यस्तै प्रभाव नेवार समुदायमा पनि परेको छ अझ भन्ने हो भने त बेल विवाहको महत्वलाई बिर्सीदै गएका छन्"*

## ५.५ चाडपर्वमा आएको परिवर्तन

यस अध्ययन क्षेत्रमा बसोबास गर्ने परिवारहरूको चाडबाड मनाउने पद्दतिमा पनि परिवर्तन आएको पाइन्छ । पहिला बसोबास गरेको ठाउँमा उनीहरूलाई आधारभूत आवश्यकता पूरा गर्न समेत धौ धौ पर्थ्यो भने अहिले उनीहरूले आफ्नो इच्छा अनुसार चाडबाड मनाउन सक्ने भएको पाइन्छ । नेवार समुदायमा मनाउने चाडपर्वहरूमा दशैं, तिहार तिज, साउने संक्रान्ति, बुद्धजयन्ति, क्रिस्मस आदि रहेको पाइन्छ । पहिला धर्म अनुसारको चाडबाड मनाउनुपर्छ भन्ने मान्यतालाई तोडि सबै धर्मको चाडबाड मनाउने गरेको पनि पाइन्छ ।

# अध्याय : छ

# सारांश र निश्कर्ष

## ६.१ सारांश

संस्कृति जगेर्ना र प्रबर्द्धनका लागि काठमाडौंमा बसोबास गर्दैआएका नेवार समुदायले भने महत्वपूर्ण कदमहरू चालेर केही हदसम्म संरक्षण गर्दै आएका छन् जुन हामी सबैका लागि सकारात्मक सन्देश हो । काठमाडौंका नेवार समुदायले नयाँ युवा पुस्तालाई संस्कृति हस्तान्तरणका लागि महत्वपूर्ण अभ्यास गर्दै आएको छ। तर काठमाडौं बाहेक देशका अन्य जिल्लामा बसोबास गर्दै आएका नेवार समुदायले पनि आफ्नो संस्कृति र परम्परालाई निरन्तरता दिन सकिरहेका छैनन् । अन्य जिल्लाका नेवार समुदायको संस्कृतिहरू, धार्मिक क्रियाकलापहरू बिस्तारै हराउदै गएका छन् । यस अध्ययन मुख्यतया नेवार समुदायमा बेल विवाह (ईही) को सामाजिक साँस्कृतिक महत्वको अध्ययन गर्ने, नेवार समुदायमा हुने बेल विवाह (ईही) मा आएको परिवर्तनहरूको महत्वको अध्ययन गर्ने उदेश्य साथ अनुसन्धान गरिएको छ । तार्किक योजना तथा व्यवस्थित निर्देशन अनुसन्धान ढाँचामा आधारित भई अध्ययन क्षेत्रमासाधारण अनियमितनमूना छनौट विधिमा आधारित भइ अनुसन्धानमा गुणात्मक र संख्यात्मक दुबै प्रकृतिका तथ्यांकहरू संकलन गरिएको छ ।

यस अध्ययनका आधारमा पोखराका नेवार समुदायका संस्कृति भन्ने ५३.३३ प्रतिशत, राम्रो पति पाउने विश्वास भन्ने १३.३३ प्रतिशत र जीवनभर बिधवा हुनु नपर्ने भन्ने १३.३३ प्रतिशत भएको देखिन्छ । त्यस्तै बालिकालाई बेहुली जस्तै श्रृङ्गार गराउने मा ६० प्रतिशत, सामान्य श्रृङ्गार गराउने ३३.३३ प्रतिशत र जे छ त्यही श्रृङ्गार गराउने २६.६७ प्रतिशत रहेको देखिन्छ । जस अनुसार दुलही जस्तै श्रृङ्गार गराउने सबैभन्दा बढी ६० प्रतिशत भएको पाइयो भने क्रमशः सामान्य श्रृङ्गार गराउने,  जे छ त्यही श्रृङ्गार गराउने परिवार रहेको पाईयो । भने व्यस्थता होस् वा गाउँ छोडि शहर पस्ने चलनले होस् मानिसहरू एकलकाटे जस्तो बन्दै गएका छन्, पुराना पुस्ताको सम्पर्कमा नरहने हुदा आफ्नो संस्कृति प्रथा परम्पराको ज्ञान नहुने अवस्था सिर्जना हुदै गएको छ । आफ्नो जीवनशैलीलाई व्यस्त देखाएर मानिसले संस्कारलाई छोड्दै गएका छन् यस्तै प्रभाव नेवार समुदायमा पनि परेको छ अझ भन्ने हो भने त बेल विवाहको महत्वलाई बिर्सीदै गएका छन् ।

## ६.२ मुख्य प्राप्तीहरू

समग्रमा, यस अध्ययनका आधारमा पोखराका नेवार समुदायका संस्कृति भन्ने ५३.३३ प्रतिशत, राम्रो पति पाउने विश्वास भन्ने १३.३३ प्रतिशत र जीवनभर बिधवा हुनु नपर्ने भन्ने १३.३३ प्रतिशत भएको देखिन्छ । त्यस्तै बालिकालाई बेहुली जस्तै श्रृङ्गार गराउने मा ६० प्रतिशत, सामान्य श्रृङ्गार गराउने ३३.३३ प्रतिशत र जे छ त्यही श्रृङ्गार गराउने २६.६७ प्रतिशत रहेको देखिन्छ । जस अनुसार दुलही जस्तै श्रृङ्गार गराउने सबैभन्दा बढी ६० प्रतिशत भएको पाइयो भने क्रमशः सामान्य श्रृङ्गार गराउने, जे छ त्यही श्रृङ्गार गराउने परिवार रहेको पाईयो भने व्यस्थता होस् वा गाउँ छोडि शहर पस्ने चलनले होस् मानिसहरू एकलकाटे जस्तो बन्दै गएका छन्, पुराना पुस्ताको सम्पर्कमा नरहने हुदा आफ्नो संस्कृति प्रथा परम्पराको ज्ञान नहुने अवस्था सिर्जना हुदै गएको छ । आफ्नो जीवनशैलीलाई व्यस्त देखाएर मानिसले संस्कारलाई छोड्दै गएका छन् यस्तै प्रभाव नेवार समुदायमा पनि परेको छ अझ भन्ने हो भने त बेल विवाहको महत्वलाई बिर्सीदै गएका छन् ।

समग्रमा अध्ययनको क्रममा धर्म र संस्कृती अलग परिवस्तु हो भन्ने कुरा यस अध्यायनका क्रममा पाउन सकियो । विभिन्न धर्म मान्ने भएता पनि नेवार समुदायमा गरिने विभिन्न संस्कारहरू गरिदै आएको पाईयो जस्तै बेल विवाह लगायत ।

बेल विवाह गर्दा हुने खर्च औसतमा ५,०००-१०,००० रूपमा लिने सबैभन्दा बढी ४६.६६ भएको पाइयो । सामान्य तया संस्कृतिक गतिविधी के कसरी गर्ने भन्ने सम्बन्धमा परिवारिक आर्थिक अवस्थाले पनि प्रभाव पर्ने गर्द छ । सामाजमा रहि आएपछि सामाजिक गतिविधी पनि नियमित गराउनु पर्ने नै हुन्छ भने आफ्नो घरायसी अर्थतन्त्रले संस्कारलाई के कति खर्च गरि मानाउने भन्ने कुरालाई नियन्त्रण गर्ने गर्दछ । समाजमा विद्यमान आर्थिक वर्ग अनुसार धेरै पुँजी हुनेले बढी नै खर्च गराउने गर्दछन् भने नहुनेले प्रक्रिया मात्र पुरा गराउने गर्दछन् । कतिपयले त आफुलाई समाजमा उच्च देखाउन समेत बढी खर्च गराउने गर्दछन् ।

नेपालको जनसङ्ख्याको तथ्याङ्कमा नेवार जाति तेस्रो स्थानमा थियो तर आजको तथ्याङ्क अर्कै छ । अहिले नेपालको कुल जनसङ्ख्याको ६ प्रतिशत मात्र नेवार जाति छन्, जुन ११ औं स्थानमा पर्दछ । यसरी नेवारको जनसङ्ख्या क्रमशः घट्दै र पछि पर्दै जानुमा राज्यद्वारा प्रदान गरिने संरक्षणको कमी र आपसी मेलमिलाप दह्रो नहुनु पनि हो । त्यसमाथि ‘नेवार बिग्रियो भोजले’ भन्ने त उखान नै छ । मूलतः नेपाली समाजमा ताकाधारी र

मतवालीका दुई भेद छन् । नेवार मतवाली तहमा परे पनि सो तहमा नेवारहरूले दह्रो खुट्टा टेक्न नसकेको देखिन्छ । ठीक यसरी नै ताकाधारीको तहमा उक्लन पनि नसकेको/नदिइएको भान हुन्छ ।

हामी नेवार जाति भाषा, संस्कृति, धर्म, भेषभुषा, खानपिन, रीतिरिवाज र आर्थिक रूपमा धनी छौँ भनेर हिजोको ब्याजले आजसम्म त चल्ला तर भोलिका सन्तानको समृद्धिका लागि नेवारले सचेत हुनैपर्छ । वर्तमान सन्दर्भमा अन्य जाति-जनजातिले झैँ आफ्नो जीवन अवधिभर उपभोग र संरक्षण गर्न रचनात्मक सङ्घर्ष गर्नैपर्ने हुन्छ । विनालक्ष्य र विनाआधारको भेला, जमघट र अरूको भरिया मात्र भएर नेवारहरूको भलाइ हुने छैन । 'फुटाऊ र राज गर' जस्ता नीतिलाई एक-अर्काको विश्वासले असफल बनाउनुपर्ने हुन्छ । बुद्धम् शरणम् (बुद्धिको शरणमा), धर्मम् शरणम् (धर्म तथा नैतिकतामा), संघम् शरणम् ( सङ्गठनको शरणमा) नेवार आउनैपर्ने हुन्छ । यसैअनुसार सङ्घ-संस्था र समाज निर्माण, सोहीअनुसारको लक्ष्य बनाउँदै अघि बढ्दा मात्र भावी पुस्ताको समग्र विकास गर्न सक्ने छौं ।

नेवार समुदायमा हुने ईहिः को पछिल्लो व्याख्याको आधारमा बालिकाको स्वास्थ वा यौनशिक्षा को रूपमा दिइने बैज्ञानिक जनचेतना को प्रारम्भिक अभियान नै हो । बेल विवाह गरेपछि कहिले बिधुवा हुनुनपर्ने मान्यता नेवारी समुदायमा रहेको छ ।

बालिकाहरूको रजस्वला हुनु अगावै स्वास्थ सम्बन्धी जगरुक हुनुपर्ने यौन शिक्षालाई सास्कृतिक रूपमा सचेत गराउनु नेवारी सस्कृतिको ओजिलो पहिचान हो ।

वास्तवमा नेवारी सस्कृतिमा बालिकाको रूपमा रजस्वला हुनु अगाडी नारायण भगवानको परिकल्पना गरिएको प्रतिमा बेल संगै गरिने बिबाह पहिलो हो । नेवारी समुदायमा,रजस्वला भएपछि वा हुने अवस्थामा सुर्य दर्सन (गुफा) गुन्यु चोलो दिने चलन दोस्रो पल्ट गरिने बिबाह यो दुबै बालिका बाट किशोरी अवस्था तर्फ शारीरीक रूपमा हुने परिवर्तन संगै यौन अनुशासन वा शारीरकि स्वास्थमा हुनुपर्ने चेतना दिलाउने जागरण अभियानको रूपमा लिने गरीन्छ ।

## ६.३ निश्कर्ष

आजका नयाँ युवा पुस्ताले नेवारी भाषाको पटक्कै बुझ्दैनन् । कतिले बुझ्छन् तर बोल्न जान्दैनन् । किनकि हामीले हाम्रा पूर्वजहरू बाट ग्रहण गर्न सकेनौं । हामी हामी आधुनिकीकरण तर्फ लाग्ने होडबाजीमा आफ्नो कला, संस्कृति, परम्परा र भाषालाई समेत अनुसरण गर्न सकेनौं । पुराना पुस्ताबाट जातीय महत्व र ज्ञानलाई सन्तान दरसन्तान हस्तान्तरण गर्न नसक्नाले आज आफ्नै नेवारी समुदायका नयाँ पुस्तालाई आफ्नै धार्मिक चालचलन नौलो भएको छ । हामीले आधुनिकतामा परिवर्तन हुने सिलसिलामा पश्चिमेली शैलीलाई अंगाल्ने क्रममा आफ्नो जातीय पहिचान र धार्मिक अस्तित्वलाई खतरामा पारेका छौं । हिजो गाउँमा प्रत्येक पर्वलाई बिधिबत ढङ्गबाट प्रक्रिया पुर्याएर हर्षोल्लासका साथ मनाउने गर्दथ्यौं । तर आज प्रत्येक पर्व र सांस्कृतिक कार्यक्रम नेवार समुदायका नयाँ पुस्तालाई नौलो र आश्चर्यजनक भएको छ । आफ्नो जातीय संस्कृति र परम्परा र जात्रा हामी सबैका लागि नौलो भएको छ । नयाँ नेवार पीडिलाई नौलो लाग्नुको मुख्य कारण भनेको पुराना पुराना पुस्ताबाट अनुसरण गर्न नसक्नु हो ।

# सन्दर्भसूची


उपाध्याय, प्रकाश, सिग्देल, सूर्यभक्त र कँडेल भानुभक्त (२०६७), *समाजशास्त्रका सैद्धान्तिक दृष्टिकोण,* काठमाडौः दिक्षान्त प्रकाशन ।

उपाध्याय, प्रकाश र सिग्देल, सूर्यभक्त (२०७१), *समाजशास्त्रका सैद्धान्तिक दृष्टिकोणहरू,* काठमाडौँ : क्षितिज प्रकाशन ।

केन्द्रिय तथ्याङ्क विभाग (२०६८), *राष्ट्रिय जनगणना प्रतिवेदन २०६८ ।*

गौतम, टीकाराम (२०५८), *सामाजिक अनुसन्धान पद्धति,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

जोशी, हरिराम (२०७४), *अभिनव सँस्कृती कोष,* काठमाण्डौः रत्न पुस्तक भण्डार ।

नकर्मी, सुदीपसिंह र ओझा, नेत्रकुमार (२०७४), *संरचनात्मक प्रकार्यात्मक दृष्टिकोण,* काठमाडौँ :देउराली प्रकाशन प्रा.ली. ।

नापित, राजु (२०७५), *नेवारी परम्परामा बेल विवाहको अर्थ र महत्व,* काठमाण्डौं ।

नेपाली, गोपाल सिंह (२०१५), *द नेवार,* काठमाडौँः मण्डला बुक पोईन्ट ।

प्रधान, महेशचन्द्र (२०७७), *इहिँ यज्ञः बेल विवाह नेवार समुदायको एक विशिष्ट संस्कार ।*

प्रजापति, रत्न (२०७६), *बेल विवाह,* काठमाण्डौं ।

वैद्य, शशिर (२०७५), *सीमान्तकृत संस्कृतिविद्,* काठमाण्डौं ।

शर्मा, नगेन्द्र (२०४८), *नेपाली जनजीवन,* काठमाण्डौं : साझा प्रकाशन ।

शर्मा, कमलराज (२०६७), *समाजशास्त्रका सैद्धान्तिक दृष्टिकोणहरू,* काठमाडौँःग्लोबल पब्लिकेशन ।

शिल्पकार, प्रकाशमान (२०७३), *नेवार जातिको मौलिक पहिचानको संस्कार "इहि",* काठमाण्डौं ।

# अनुसूची १

## अन्तरवार्ताका लागि प्रश्नावली

नामः

उमेरः

धर्मः

पेशाः

परिवार सदस्य संख्याः

१. तपाईको घरमा बेल विवाह गरेका महिला कति जना छन् ?

...................................................................

२. बेल विवाह कति वर्षको उमेरमा गरिन्छ ? गर्नुभयो ?

..................................................................

३. बेल विवाह किन गरिन्छ ? तपाईको विचार

क) संस्कृति ख) राम्रो पुरुष पतिको लागि

ग) जीवन भर विधवा बस्न नपर्ने घ) अन्य

४. बेल विवाह गर्दा कति दिनसम्म यो कार्य गरिन्छ ?

क) १ दिन ख) २ दिन ग) ३ दिन घ) ४ दिन

५. यो समुदायमा बेल विवाह समुहमा गरिन्छ कि एक्लै गरिन्छ ?

क) समूह ख) एक्ला एक्लै ग)अन्य

६. बेल विवाहमा कन्यादान गर्ने कार्य कस्ले गर्छ ?

क) घरमुली ख) कन्याको पिता ग) कन्याको आमा

७. नेवारी समुदायमा विवाह कति प्रकारको हुन्छ ? कुन कुन हो ?

.................................................................................................

८. बेल विवाह गर्दा मुख्य सामग्री के हो ?

क) बेल ख) फलफुल ग) रोटी घ) अन्य

९. बेल विवाहमा सामान्य खर्च कति लाग्छ ?

क) १०००–५००० ख) ५०००–१०,०००

ग) १०,०००–२०,००० घ) २०,००० भन्दा माथि

१०. नेवारी समाजमा बेल विवाह पछि कस्तो व्यवहार गर्ने गरिन्छ ?

.................................................................................................

११. सामान्यतया केटीहरूको विवाह कुन उमेरमा गरिन्छ ?

क) १५–२० वर्षमा ख) २०–२५ वर्षमा ग) २५–३० वर्षमा

१२. बेल विवाहमा कस्ता कस्ता गरगहना लगाईन्छ ?

क) नयाँ गरगहना ख) आमाको गरगहना ग) सामान्य गरगहना

१३. पोखरामा नेवारहरूमा एक आपसमा समन्वय कस्तो छ ?

क) राम्रो छ ख) ठिकै छ ग) खासै छैन

१४. बेल विवाह गर्दा वालिकालाई कस्तो पहिरन लगाईन्छ ?

क) दुलहि जस्तो ख) सामान्य ग) जे छ त्यहि पहिरन

१५. नेवारी समुदायमा बेल विवाहको महत्व के छ ?

क) धेरै छ ख) ठिकै छ ग) खासै छैन

१६. नेवारी संस्कृतिमा बेल विवाह पनि एक महत्वपुर्ण संस्कृति हो भन्न मिल्छ ?

क) मिल्छ ख) मिल्दैन

# अनुसूची २

## अध्ययनका क्रममा लिइएका तस्वीरहरू

### बेल (इहि) विवाह



बेल विवाहको समयमा पुजा गर्दै बालिकाहरू



पुजा गर्दै कन्याहरू



कन्याहरूको बुवाले कन्यादान गर्दै



**बेल विवाह विधि**



## सिन्दुर लगाउादै गरेको



## सामुहिक तस्बिर



## कन्याहरूको सामुहिक पुजा



## कन्याको हातखुट्टाको नङ काट्दै

